# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## हरिनगर गाउँपालिका

## सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## हरिनगर गाउँपालिका
सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

## हरिनगर गाउँपालिका

## सुनसरी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः
च.नं. ७० मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी।

१. **कैफियतसहितको राय-** हामीले हरिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ५ करोड ९१ लाख २९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४९ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ९१ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २५ लाख ९३ हजार र पेश्की रू. २४ लाख ७५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १५ करोड ७८ लाख ५० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २१ करोड ६९ लाख ७९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्ष

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

हरिनगर गाउँपालिका, सुनसरी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | २१९ | ५९१२९ | ० | ० | ० | ५९ | २१९ | ५९१२९ | ४९१० | १२५९३ | ३९१५१ | ० | ० | ५१७४४ | २४७५ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिकृया प्राप्त नभएकोले प्रतिकृयाबाट फछ्र्यौट नभाएको | | | |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हरिनगर गाउँपालिका सुनसरी | १५७८५० | ० | ० | १५७८५० | ० | ५९१२९ | २१६९७९ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : हरिनगर गाउँपालिका, सुनसरी , हरिनगर गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुजन ढुंगेल | २०७८-७-२३ | २०७८-१०-१६ |
| कार्यालय प्रमुख | तुलराज थापा मगर | २०७८-१०-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भक्त बहादुर खड्का | २०७७-७-२६ | २०७८-७-१२ |
| लेखा प्रमुख | रन्जित कुमार मेहता | २०७६-९-३ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | ५९,१२९,०८३.७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८,४०,५१,३२५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६,३९,७८,२४६ | चालु खर्च | २८,४४,४६,०९५ |
| प्रदेश सरकारबाट अनुदान | २,४३,६०,३२५ | पूँजीगत खर्च | २३,२२,४९,३६४ |
| राजश्व बाँडफाँट | १०,०५,२१,३५७ | वित्तीय/अन्य व्यवस्था | २,९१,२१,८९५ |
| आन्तरिक आय | ८८,९९,९६१ | | |
| अन्य आय | २,८४,३५,४२७ | | |
| कुल आय | ५२,६१,९५,३१६ | कुल खर्च | ५४,५८,१७,३५४ |
| बाँकी मौज्दात | | ६,४४,२९,२८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ५२.२९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको, हाल ७ वटा वडाहरुमा बिभाजन गरिएको र गाउँसभा सदस्य संख्या ३५ रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या ४९ हजार ५ सय १ रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ४ | | | **एकिकृत आय व्यय विवरणः**<br><br>आर्थिक कारोबारको स्थिति<br>आ. व. २०७८।७९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| सि.नं. | आम्दानी विवरण | | | सि.नं. | खर्च विवरण | |
|---|---|---|---|---|---|---|
| सि.नं. | शीर्षक | | रकम रु. | सि.नं. | शीर्षक | रकम रु. |
| १ | गत वर्षको जिम्मेवारी | | ८४०५१३२५.९६ | १ | चालु खर्च | २८४४६०९५.८० |
| | विविध कोष जम्मा | २१३२६६१.६२ | | २ | पुँजीगत खर्च | २३२२४९३६४.०२ |
| | प्रकोप व्यवस्थापन कोष खाता | २७०६४७.०७ | | ३ | प्रदेश सरकारवाट प्राप्त अनुदान | |
| | विविध कोष जम्मा | ८०२७६८.४५ | | | क) प्रदेश शसर्त अनुदान रु. १३१२९७६८.०० | |
| | सञ्चित कोष | ५६९०४१९५.५१ | | | ख) प्रदेश राजश्व बाँडफाँड रु. ६५८४८०३.०० | |
| | धरौटी | २२८१७०९०.८३ | | | ग) समपुरक अनुदान रु. २८४७५५७.०० | |
| | आन्तरिक राजश्व खाता | ६०३६३०.२३ | | ४ | संघिय सरकारवाट प्राप्त अनुदान | |
| | नगद बाँकी | ५२०३३२.२५ | | | क) संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. २०८३७८०८०.७४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | संघिय सरकार बाट प्राप्त अनुदान | | ४५३०५६०९८.१५ | | ख) संघीय सरकारबाट प्राप्त समपुरक अनुदान रु. १८००६१६५.०० | |
| | क) वित्तिय समानिकरण | १३७२००००.०० | | | ग) संघिय सरकारबाट प्राप्त रा बा अनुदान रु. ७८८८३८१२.०६ | |
| | ख) शसर्त अनुदान | १९६८७८२४५.७४ | | ५ | आन्तरिक स्रोत रु. ५६८६००२८.८९ | |
| | ग) राजश्व बाँडफाँडबाट प्राप्त | ८९०७७८५२.४१ | | | | |
| | घ) समपुरक अनुदान | २९९०००००.०० | | ६ | संधिय सशर्त रकम फिर्ता रु. ५६५९६७५४.२६ | |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३५८०३८३०.२९ | ७ | प्रदेश सशर्त रकम फिर्ता रु. ९०६३६३६७५.०० | |
| | क) वित्तिय समानिकरण | ७९५४०००.०० | | ८ | कोष खाताहरु | |
| | ख) प्रदेश शसर्त अनुदान | १३५५८७६८.०० | | | क) धरौटी फिर्ता | १२४९२९३१.५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) समपुरक अनुदान | २८४७५५७.०० | | | ख) प्रकोप व्यवस्थापन कोष खाता | २३६१५३५.०० |
| | घ) राजश्व बाँडफाँड | ११४४३५०५.२९ | | | ग) विविध कोष खाता | ९६८८७९६.०० |
| ४ | आन्तरिक राजश्व | ८८९९९६१.४९ | ८८९९९६१.४९ | | घ) विविध खर्च खाता | ४५७८६३१.०० |
| ५ | यस बर्षको धरोटी प्राप्त | ७४१८४३७.०० | ७४१८४३७.०० | ९ | बाँकी मौज्दात | |
| ६ | प्रकोप व्यवस्थापन कोष खाता | ४२१२१९६.०० | ४२१२१९६.०० | | धरौटी खाता तर्फ | १७७४२५९६.२६ |
| ७ | विविध कोष | ९५०८०००.०० | ९५०८०००.०० | | संचित कोष खाता | ४०२३०७४९.९६ |
| ८ | विविध खर्च खाता | ५६३८२९८.०० | ५६३८२९८.०० | | प्रकोप व्यवस्थापन कोष खाता | २१२१३०८.०७ |
| ९ | नसाटिएको चेक | १६५८४९४.११ | १६५८४९४.११ | | विविध कोष खाता | १९५१८६५.६२ |
| | | | | | विविध कोष खाता | १८६२४३५.४५ |
| | | | | | नगद बाँकी | ५२०३३२.२५ |
| | जम्मा | | ६१०२४६६४१.०० | | जम्मा | ६१०२४६६४१.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **प्राप्ति भुक्तानी विवरणः** | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | गतवर्ष रु. |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५७,३४,२८,६१८.०० | ५७,०६,९४,२४४.१९ | | ५७,०६,९४,२४४.१९ | ५०,२०,८८,४९९.९५ | | ५०,२०,८८,४९९.९५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,५२,७५,४००.०० | ५६,२९,९१,३१९.१९ | ० | ५६,२९,९१,३१९.१९ | ४८,२३,०८,३३५.०३ | ० | ४८,२३,०८,३३५.०३ |
| ११००० कर | ११ | ९,६३,०५,४००.०० | १०,२२,५०,७४५.७६ | ० | १०,२२,५०,७४५.७६ | ९,०७,५७,३५७.२० | ० | ९,०७,५७,३५७.२० |
| १३००० अनुदान | | ४५,३५,७०,०००.०० | ४५,३५,७०,०००.०० | ० | ४५,३५,७०,०००.०० | ३८,५५,८९,०८०.०० | ० | ३८,५५,८९,०८०.०० |
| संघीय सरकार | १२ | ४२,०५,७५,०००.०० | ४२,०५,७५,०००.०० | ० | ४२,०५,७५,०००.०० | ३६,६२,६९,०८०.०० | ० | ३६,६२,६९,०८०.०० |
| प्रदेश सरकार | १२ | ३,२९,९५,०००.०० | ३,२९,९५,०००.०० | ० | ३,२९,९५,०००.०० | १,९३,२०,०००.०० | ० | १,९३,२०,०००.०० |
| १४००० अन्य राजस्व | | ५४,००,०००.०० | ७१,७०,५७३.४३ | ० | ७१,७०,५७३.४३ | ३९,४३,७५५.३८ | ० | ३९,४३,७५५.३८ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | २०,१८,१४२.४५ | ० | २०,१८,१४२.४५ |
| ख. अन्य प्राप्ति | | १,८१,५३,२१८.०० | ७७,०२,९२५.०० | | ७७,०२,९२५.०० | १,९७,८०,१६४.९२ | | १,९७,८०,१६४.९२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,८१,५३,२१८.०० | ७,९२,७९८.०० | ० | ७,९२,७९८.०० | १,२७,०३,६९२.३९ | ० | १,२७,०३,६९२.३९ |
| धरौटी | | ० | ६९,१०,१२७.०० | ० | ६९,१०,१२७.०० | ७०,७६,४७२.५३ | ० | ७०,७६,४७२.५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६३,३६,३६,८१३.५१ | ५४,४१,८४,६५३.३७ | | ५४,४१,८४,६५३.३७ | ४३,८५,९०,७३६.२७ | | ४३,८५,९०,७३६.२७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६१,५४,८३,५९५.५१ | ५१,६६,९५,४५९.८२ | | ५१,६६,९५,४५९.८२ | ४२,१४,२३,२८३.३१ | | ४२,१४,२३,२८३.३१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,६९,०२,८००.०० | १३,०६,२५,०६२.८० | ० | १३,०६,२५,०६२.८० | १०,८४,०४,०९९.१० | ० | १०,८४,०४,०९९.१० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,७६,१३,९८७.०० | १३,९०,२१,९२४.०० | ० | १३,९०,२१,९२४.०० | १०,६४,५८,९७०.७७ | ० | १०,६४,५८,९७०.७७ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ५९,५९९.०० | ० | ५९,५९९.०० |
| २६००० अनुदान | १८ | १,०२,५२,०००.०० | ० | ० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,४१,३८,१९६.०० | १,३५,१५,१०९.०० | ० | १,३५,१५,१०९.०० | ४१,१२,५७०.५० | ० | ४१,१२,५७०.५० |
| २८००० अन्य खर्च | १८ | १५,६६,०००.०० | १२,८४,०००.०० | ० | १२,८४,०००.०० | ११,६८,०६०.०० | ० | ११,६८,०६०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,५०,१०,६१२.५१ | २३,२२,४९,३६४.०२ | ० | २३,२२,४९,३६४.०२ | २०,१२,१९,९८३.९४ | ० | २०,१२,१९,९८३.९४ |
| घ. अन्य भूक्तानी | | १,८१,५३,२१८.०० | २,७४,८९,१९३.५५ | | २,७४,८९,१९३.५५ | ४३,८५,९०,७३६.२७ | | ४३,८५,९०,७३६.२७ |
| कोषहरु | | १,८१,५३,२१८.०० | १,५२,७३,५४२.०० | ० | १,५२,७३,५४२.०० | १,६३,४७,७५१.९६ | ० | १,६३,४७,७५१.९६ |
| धरौटी | | ० | १,२२,१५,६५१.५५ | ० | १,२२,१५,६५१.५५ | ८,१९,७०१.०० | ० | ८,१९,७०१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,०२,०८,१९५.५१) | २,६५,०९,५९०.८२ | | २,६५,०९,५९०.८२ | ६,३४,९७,७६३.६८ | | ६,३४,९७,७६३.६८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,५३,७६,१५३.२१ | | ९,५३,७६,१५३.२१ | ६,३०,७४,०७४.६५ | | ६,३०,७४,०७४.६५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,०२,०८,१९५.५१) | १२,१८,८५,७४४.०३ | | १२,१८,८५,७४४.०३ | १२,६५,७१,८३८.३३ | | १२,६५,७१,८३८.३३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १२,२६,८८,५१२.४८ | | १२,२६,८८,५१२.४८ | ९,८७,६५,९९९.७७ | | ९,८७,६५,९९९.७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरणको विश्लेषण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ | |
| ५.१ | | | वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९५४४४९२८ एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम तर्फको रु. २१६४८३६१ गरी जम्मा रु. ११७०९३२८९ सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ५.२ | | | फरक हिसाब – यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ११३२४८२८ , यस वर्षको प्राप्ति रु. २५५०१०७२, यस वर्षको भुक्तानी रु. २७४८९१९३ र बैङ्क मौज्दात रु. २८३३४५६३ फरक परेको छ । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सूत्रअनुसार को वार्षिक प्रतिवेदन | ९५३७६१५३ | ५००६९४२४४ | ५४४१८४६५३ | १२१८८५७४४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>(म.ले.प.फा.नं.२७२)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>८४०५१३२५</td><td>५२६१९५३१६</td><td>५१६६९५४६०</td><td>९३५५११८१</td></tr>
<tr><td>फरक</td><td>११३२४८२८</td><td>२५५०१०७२</td><td>२७४८९१९३</td><td>२८३३४५६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>सञ्चित कोष जिम्मेवारी –. स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार सञ्चित कोषमा रु. ८५०७७११९ मौज्दात रहेकोमा यो वर्ष सञ्चित कोष समेत रु. ८४०५१३२५ जिम्मेवारी सारेको छ । जस अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १०२५७९४ घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु</td><td>१,०२५,९७४</td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन हुनुपर्दछ ।
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>२६७७५१९४</td><td>४०२३०७४९</td><td>१३४५५५५५</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>६४२६१५५</td><td>०</td><td>६४२६१५५</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>४१४०३४४</td><td>०</td><td>४१४०३४४</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>१९५१८६५</td><td>१९५१८६५</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विविध खर्च खाता ग २ ७</td><td>१८६२४३५</td><td>१८६२४३५</td><td>०</td></tr>
<tr><td>विपद व्यवस्थापन खाता</td><td>२१२१३०८</td><td>२१२१३०८</td><td>०</td></tr>
<tr><td>धरौटी</td><td>१७७४२५९६</td><td>१७६७६१४१</td><td>-६६४५५</td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>०</td><td>२१९८४१</td><td>२१९८४१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२४१७५४४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ६४२६१५५ पुँजीगत खातामा रु. ४१४०३४४ समेत रु. १०५६६४९९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।<br>• पालिकामा PAMS लागू भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुँदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे यकिन गर्न नसकिने हुँदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गूरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाइयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थनिय तहको आर्थिक कारोवारको लागि म ले नि का बाट स्वीकृत सफ्टवेयर सूत्र (SuTRA) प्रयोग गरी कारोवार संचालन र वित्तिय प्रतिवेदन तयार गरेको पाइयो।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **खरिद योजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गूरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| ८ | | | **भ्रमण अभिलेख तथा प्रतिबेदन**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धीत कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरी एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| ९ | | | **संचार खर्च**<br><br>पालिकाले यस वर्ष संचार खर्च शीर्षकबाट टेलिफोन, इन्टरनेट शुल्क तथा मोबाइल रिचार्जमा रु. ३,३२,१४३ खर्च गरेको छ । कार्यालयमा ल्याडलाइन टेलिफोन खर्च तथा पदाधिकारीहरु र कर्मचारीलाई संचार खर्च वापत मोवाइलमा रिचार्ज खर्च दिने गरेको पाइयो । यसरी संचार खर्च भुक्तानीसम्बन्धी कार्यविधि नभएकोले कति खर्च पाउने हो यकिन गर्न सकिएन । आगामी दिनमा संचार खर्चसम्बन्धी कार्यविधि बनाई संचार खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>विद्यालयको नियमन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सामान्यतमा असर नपर्ने गरी गाउँपालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>निजी लगानिका विद्यालयको छात्रवृत्ती<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।
<table>
<tr><td>विद्यार्थी संख्या</td><td>निःशुल्क शिक्षाका लागि आरक्षण संख्या</td></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>विद्यालयगत निकासा रजिस्टर्ड<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नुपर्दछ । | |
| १३ | | | **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्त्यरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १४ | | | **आर्थिक सहायता**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१९५०००आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १५ | | | **जिन्सी लगत र संरक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(४) मा उपनियम १ र २ बमोजिम कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्मचारी र सम्बन्धीत कार्यालय प्रमुखको हुने व्यवस्था छ । त्यस्तै, नियम ९९(१) मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानक के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामानको अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । पालिकाले नियमावली बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पूर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई आम्दानी बाध्ने गरेको तथा आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १६ | | | **मसलन्द तथा कार्यालय सामाग्री खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली, २०६४ को नियम ७, ८ र १६ अनुसार गठन गरी रु. १० लाख भन्दा माथि खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना र रु. १० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गूरूयोजना स्वीकृत गराउनु पर्ने र खरिदको गूरूयोजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री रु. ३२१५०२३ को खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक खरिद गरी टुक्रा पारी खरिद गरेको पाइयो । आगामी दिनमा कानुनको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| १७ | | | **धरौटी फिर्ताः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरीएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने भन्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका फर्महरूलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>गो. भौ . नं . र मिति \| विवरण \| रकम रू.<br>९- ०७८।६।१७ \| जल्पापूर मुस्लिम निर्माण सेवा ( ३००९५९४५५ ) \| ५२४०५० | ४,३५७,१४६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०- ०७८।६।१८</td><td>मेहतर निर्माण सेवा ( ३००२१६५२७ )</td><td>२२०३९</td></tr>
<tr><td>११- ०७८।८।२४</td><td>आशिष/ ब्राईटबुल / आशिर्वाद जे . भी .( ६०७९०४११४ )</td><td>३१५८९६१</td></tr>
<tr><td>१७- ०७८।१०।१०</td><td>अरिम कन्स्ट्रक्सन ( ६०६४७६१७१ )</td><td>१२८५३२</td></tr>
<tr><td>१८- ०७८।१०।११</td><td>आविद निर्माण सेवा ( ६०८६१००२९ )</td><td>१८७०३८</td></tr>
<tr><td>२१- ०७८।११।०९</td><td>एब्सुलुट टेक्निकल इन्स्टिच्युट ( ६०९८९६१४९ )</td><td>६६०००</td></tr>
<tr><td>२७- ०७८।१२।२८</td><td>अदिम कन्स्ट्रक्सन ( ६०६४७६१७१ )</td><td>१७३४८५</td></tr>
<tr><td>३३- ०७९।२।३१</td><td>बहाव निर्माण सेवा ( ६०६२७३९१२ )</td><td>३३१५३</td></tr>
<tr><td>३४- ०७९।३।२४</td><td>शहिदा कन्स्ट्रक्शन ( ६०५५५३५९४ )</td><td>३९६४३</td></tr>
<tr><td>३४- ०७९।३।२४</td><td>होदा कन्स्ट्रक्शन ( ६०८४०९५३५ )</td><td>२४२४५</td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>४३५७१४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्ड<br><br>प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी प्रयोजन) मा रु. ५०१९६८८ खर्च गरेको छ । साथै, पालिकाले ७ वटै वडाहरुमा समेत इन्धन खर्च शीर्षकमा विनियोजन गरी इन्धन खर्च लेखेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने तथा कार्यविधि बनाएर मात्र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट खाना तथा विविधतर्फ रु. ३३८७२८८ खर्च गरेको छ । साथै पालिकाले ७ वटै वडाहरुमा समेत विविध खर्च शीर्षकमा विनियोजन गरी खर्च गरेको पाइयो । यस्तो खर्च लेख्दा पुष्ट्याई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै कार्यविधि बनाएर मात्र मितव्ययी रुपमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>म्याद रहेको पेश्की<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ उपनियम ५ मा मोबिलाइजेसन पेश्की सम्बन्धि व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ३ कार्यक्रममा रु. २३८६५७८ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्योंट गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>पेश्कीलिनेकोनाम</th><th>पेश्कीविवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जाल्पापुर मूस्लिम निर्माण सेवा</td><td>घुस्की बजार मा नाला</td><td>९१५०००</td></tr>
<tr><td>२</td><td>आशिष आशिर्वाद योगेश्वर जेभी</td><td>बसन्तपुर नहर देखि भुटाहा बजार सम्म सडक</td><td>५००००००</td></tr>
<tr><td>३</td><td>आशिष आशिर्वाद योगेश्वर जेभी</td><td>बसन्तपुर नहर देखि भुटाहा बजार सम्म सडक</td><td>४८७५१२८</td></tr>
<tr><td>४</td><td>श्री आर के निर्माण सेवा</td><td>मन्नान घर देखि राम कुमार घर सम्म बाटो</td><td>१३०००००</td></tr>
<tr><td>५</td><td>आशिष आशिर्वाद योगेश्वर जेभी</td><td>घुस्कि बजार बक्रम पुर बेस</td><td>१६००००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | |
|---|---|---|---|
| | | क्याम्प सडक | |
| ६ | जाल्पापुर मुस्लिम निर्माण सेवा | साविक राभु १ मुगल घर देखि पश्चिम रफिक घर हुद हुलाकी मार्ग सम्म | ९९५००० |
| ७ | जाल्पापुर मुस्लिम निर्माण सेवा | वडा नं १ चम्सुर टोलमा सुनसरी खोला मा फलामे पुल निर्माण | ५०५००० |
| ८ | ड्रागन रबिन एण्ड श्रेया जेभी | गा पा को प्रशासकीय भवन निर्माण | ७२५०००० |
| जम्मा | | | ३६८४०१२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **म्याद सकिएको पेश्की**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार चालु वर्षको अन्त्यमा फछ्यौंट गर्न बाँकी पेश्की फछ्यौंट गरी सक्नुपर्ने छ । गत वर्षको म.ले.प. प्रतिवेदनमा समावेश भएको भन्दा बाहेक पालिकाले यस आ.व. मा देहाय अनुसारको पेश्कीहरू म्याद समाप्त हुँदा समेत फछ्यौंट नगरेको हुँदा पेश्की असूल फछ्यौंट हुनुपर्ने रु. | ७५०,००० |

| सि. नं . | पेश्की लिनेको नाम | पेश्की विवरण | रकम |
|---|---|---|---|
| १ | प्रकाश थापा मगर | करुणा फाउण्डेशन | ३५०००० |
| २ | बेसलाइन इनभेन्ट प्रा लि | विविध परामर्श | ४००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ७५०००० | |
| २२ | | | **आन्तरिक राजस्वतर्फः** | |
| २२.१ | | | **आन्तरिक राजस्व-** पालिकाले आन्तरिक राजश्व संकलनका लागि सांग्रिला सफ्टवेयरको प्रयोग गरेको छ । उक्त सफ्टवेयरको शीर्षकगत आवधिक आय संकलन विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा आन्तरिक राजस्व अन्तर्गत विभिन्न राजस्व शीर्षकमा आम्दानी रकम रु. ६,५८,६६,८७३.०० अनुमान गरेकोमा देहाय राजस्व शीर्षकबाट वास्तविक राजस्व रकम रु. १,८४,४६,४९६.९९ असुली भएको देखिन्छ । यससम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजम रहेका छन्-<br>• पालिका र अन्तर्गतका वडाहरूले सफ्टवेयरमार्फत संकलन गरेको राजस्व रकम बैंक दाखिला गरी सूत्रमा मात्र आम्दानी बाँधिएको तर उक्त दाखिला विवरणलाई सफ्टवेयरमा प्रविष्टी नगरिएको हुँदा दाखिला रकम शून्य देखाएको ।<br>• सफ्टवेयरबाट संकलन भएको राजश्व बैंक जम्मा गरी सूत्रमा आम्दानी बाँधिएकोमा पालिका र अन्तर्गतका ७ वटा वडाले संकलन गरेको राजश्व रकम छुट्टै छुट्टै देखिने गरी आम्दानी नबाँधिएको ।<br>• वडा कार्यालयले सफ्टवेयरबाट राजस्व संकलन गर्ने नगरेको र वडालाई नगदि रसिद र मालपोतको ठेली दिंदा बुझाएतापनि खर्च भई पालिकामा नफर्काएकोले रसिद नियन्त्रण खातामा अद्यावधिक नरहेको ।<br>• पालिका तथा अन्तर्गत वडाले संकलन गरेको राजश्व रकम सोही दिन वा भोलिपल्ट कार्यालय समय खुल्न बितिकै बैंक जम्मा गर्ने नगरेको ।<br>• पालिकाले एकिकृत सम्पत्ति कर लागू नगरेको ।<br>• पालिकाभित्र दर्ता भएका व्यवसायहरूको अद्यावधिक तथ्याकं नभएको । | |
| २२.२ | | | **एकिकृत सम्पत्ति कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा पालिकाले २०७५ साल साउन १ गतेदेखि आफ्नो अधिकारक्षेत्रभित्र एकिकृत सम्पत्ति कर लगाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म एकिकृत सम्पत्ति कर लागू गरेको छैन । अतः पालिकाले एकिकृत सम्पत्ति कर लागू गरी आन्तरिक राजस्वको प्रभावकारी व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २२.३ | | | **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा पालिकाभित्र व्यवसाय दर्ता गर्ने र सो वापत कर बुझाउने संख्या देखिदैंन । पालिकाले पालिकाभित्र संचालनमा रहेको व्यवसायमा दर्ता प्रकृयामा ल्याई आन्तरिक राजस्व बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>वडा बैठक भत्ता<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) गाउँपालिकाको जनप्रतिनिधिलाई कार्यपालिका बैठक तथा मासिक वडा बैठक वापतको भत्ता भुक्तानी पाउने व्यवस्था छ । कार्यपालिका तथा वडाको बैठक भत्ता भुक्तानी गर्दा बैठकमा उपस्थिति नभएका जनप्रतिनिधिलाई समेत भत्ता वितरण भएको पाइएकोले अनुपस्थित भएका जनप्रतिनिधिबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>जनप्रतिनिधिको नाम</th><th>बैठकमा अनुपस्थित दिन</th><th>भत्ता दर</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>४३१-०७८/१२/१२</td><td>४ नं वडा अध्यक्ष श्री सुदिलाल मेहता</td><td>२०७८ पौष २४, माघ ७, १६, २३ र २६(५ दिन)</td><td>१०००</td><td>४२५०</td></tr>
<tr><td>४३१-०७८/१२/१२</td><td>१ नं वडा अध्यक्ष श्री अब्दुल लतिफ मियाँ</td><td>२०७८ फाल्गुन ६, चैत्र ११ (२ दिन)</td><td>१०००</td><td>१७००</td></tr>
<tr><td>४६५-०७८/१२/२१</td><td>४ नं वडा अध्यक्ष श्री सुदिलाल मेहता</td><td>२०७८ कार्तिक २८ (१ दिन)</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>४६५-०७८/१२/२१</td><td>४ नं वडा सदस्य श्री चन्द्रावति देवि राम</td><td>२०७८ पौष १, १९, माघ ७, १० र चौत्र ६ (५ दिन)</td><td>१०००</td><td>४२५०</td></tr>
<tr><td>४६५-०७८/१२/२१</td><td>४ नं वडा सदस्य श्री दिलिप कुमार मेहता</td><td>२०७८ पौष १ (१दिन)</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>४६५-०७८/१२/२१</td><td>४ नं वडा सदस्य श्री लखन महतो</td><td>२०७८ चैत्र ३ र ६ (२ दिन)</td><td>१०००</td><td>१७००</td></tr>
</table></td><td>१७,८५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५८५-०७९/१/१६</td><td>६ नं वडा सदस्य श्री हाजी गफार अन्सारी</td><td>२०७८ फाल्गुन १२ र चैत्र २ (२ दिन)</td><td>१०००</td><td>१७००</td></tr>
<tr><td>५८५-०७९/१/१६</td><td>६ नं वडा सदस्य श्री मो दाउद अन्सारी</td><td>२०७८ चैत्र १४ (१ दिन)</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>५८५-०७९/१/१६</td><td>६ नं वडा सदस्य श्री सुर्जि देवि मण्डल</td><td>२०७८ माघ ३ र फाल्गुन १२(२ दिन)</td><td>१०००</td><td>१७००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७८५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
अनुगमन भत्ता<br><br>
प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धी अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पधादिकारी र सदस्यलाई तोकिएक बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । जसमा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई अनुगमन भत्ता रु. ७२०००० खर्च लेखेकोमा मासिक अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । ऐनको पालना गरी पदाधिकारीलाई सुविधा उपलब्ध गराउनु पर्दछ । साथै देहायका पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता भुक्तानी भएकोमा नमूना परीक्षण गर्दा अनुगमन भत्ता भुक्तानी भएको पाइएकोले दोहोरो भुक्तानी भएको भत्ता असूल गरी दाखिला गर्नेपर्ने रु.
<table>
<tr><td>भौचर नं</td><td>पदाधिकारीको पद र नाम</td><td>अनुगमन दिन</td><td>भत्ताको दर</td><td>खुद भत्ता भुक्तानी</td></tr>
<tr><td>५७-०७८/१०/१६</td><td>उपाध्यक्ष श्री रिमझिम कुमारी भगत</td><td>१९</td><td>१०००</td><td>१६१५०</td></tr>
<tr><td>४-०७८/१०/१६</td><td>का पा सदस्य श्री सुशिल कुमार ठाकुर</td><td>१९</td><td>१०००</td><td>१६१५०</td></tr>
</table>
</td><td>४८,४५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>का पा सदस्य श्री सावित्री देवि मलाहा</td><td>१९</td><td>१०००</td><td>१६१५०</td></tr><tr><td colspan="4">जम्मा</td><td>४८४५०</td></tr></table> | |
| २५ | | | **खाजा खर्च**<br><br>स्थानीय सरकार संचलन ऐन, २०७४ अनुसार कुनै पनि स्थानीय तहले खर्च गर्दा आन्तरिक आयको आधारमा खर्चको कार्यविधि तथा मापदण्ड तयार गरी गर्नुपर्ने उल्लेख छ । पालिकाले वार्षिक नीति तथा कार्यक्रममा अतिरिक्त समया कार्य गर्ने कर्मचारीलाई खाजा खर्च भुक्तानी गर्न बजेट रु. ४४५००० विनियोजन गरेकोमा रु. ४४४९०० खर्च गरेको छ । अतिरिक्त कार्य गरे वापत खाजा खर्च दैनिक रु. ३०० का दरले भुक्तानी गरेकोमा सोको कार्यविधि तयार नगरेको तथा अतिरिक्त कार्य गरेको देखिने गरी विद्युतीय हाजिरी राखेको पाइएन । अतः आगामी दिनमा खर्चको कार्यविधि तयार गरी आन्तरिक आयलाई ध्यान दिदैं खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २६ | | | **तलवी प्रतिवेदन**<br><br>निजामती सेवा ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ‌। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका चालुतर्फ कर्मचारीको रु.१२७३५७४५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| २७ | | | **कर्मचारी करार**<br><br>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी | १,१३०,९८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. ७४८७३९५ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक सब इन्जिनियर १ जना, सहायक कम्प्युटर अपरेटर १ र प्राविधिक सहायक १ जना गरी ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ११३०९८० भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>अग्रीम कर कट्टी<br><br>आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई अतिरिक्त काम गरे वापत अतिरिक्त भत्ता तथा प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा पारिश्रमिक कर कट्टी गर्दा कम कट्टी गरेको पाइयो । अतः देहायका कर्मचारीबाट कम कट्टी भएको कर असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कर्मचारीको नाम</th><th>भुक्तानी रकम</th><th>पारिश्रमिक कर (१५%)</th><th>कट्टी भएको कर (१%)</th><th>बाँकी कर</th></tr>
<tr><td rowspan="5">२१-०७८/६/१४</td><td>शा.अ. भक्त बहादुर खड्का</td><td>६२९८५</td><td>९४४८</td><td>६३०</td><td>८८१८</td></tr>
<tr><td>अधिकृत छैटौ सुजन ढुंगेल</td><td>५५७८५</td><td>८३६८</td><td>५५८</td><td>७८१०</td></tr>
<tr><td>इन्जिनियर मुकेश कुमार राउत</td><td>५५७८५</td><td>८३६८</td><td>५५८</td><td>७८१०</td></tr>
<tr><td>लेखापाल रन्जित कुमार मेहता</td><td>४३७१०</td><td>६५५७</td><td>४३७</td><td>६११९</td></tr>
<tr><td>सहायक पाचौं भागवत कुमार राम</td><td>४३७१०</td><td>६५५७</td><td>४३७</td><td>६११९</td></tr>
</table></td><td>१०६,९०४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | सहायक चौथो रमेक कुमार स्वर्णकार | ४७८९८ | ७१८५ | ४७९ | ६७०६ |
| | स.इ. विकेश मेहता | ४२३०० | ६३४५ | ४२३ | ५९२२ |
| ४७३-०७८/१२/२३ | म.स्वा.सेविका श्री सावित्री कुमारी मेहता | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री अनिता मेहता | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री मुन्नी सरदार | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री चाँदनी मेहता | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री पवित्रा मेहता | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री प्रमिला साह | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री ज्ञानु कर्ण | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री मालती साहु तेली | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री रिता कुमारी महतो | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री पुनम साह | १२००० | १८०० | ० | १८०० |
| | म.स्वा.सेविका श्री विमला देवि महतो | १२००० | १८०० | ० | १८०० |
| ६०१-०७९/१/२२ | म.स्वा.सेविका श्री मुस्तर खातुन | १३३३३ | २००० | ० | २००० |
| | म.स्वा.सेविका श्री वि वि जलेमुन | १३३३३ | २००० | ० | २००० |
| | म.स्वा.सेविका श्री मनसरिया देव उराव | १३३३३ | २००० | ० | २००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म.स्वा.सेविका श्री साकेरा खातुन | १३३३३ | २००० | ० | २००० | |
| | | | | म.स्वा.सेविका श्री वि वि नुरजहाँ मियाइनी | १३३३३ | २००० | ० | २००० | |
| | | | | म.स्वा.सेविका श्री गुजिया कुमारी साह | १३३३३ | २००० | ० | २००० | |
| | | | | म.स्वा.सेविका श्री सावित्री देवि मलाह | १३३३३ | २००० | ० | २००० | |
| | | | | म.स्वा.सेविका श्री मिना उराव | १३३३३ | २००० | ० | २००० | |
| | | | | म.स्वा.सेविका श्री नविसा खातुन | १३३३३ | २००० | ० | २००० | |
| | | | ६३७-०७९/२/२३ | म.स्वा.सेविका श्री राज कुमारी साह | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री रुकमिना बेगम | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री तरन्नुम फातेमा | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री विवि सकुरा खातुन | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री फमिदा नसरी | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री विवि सम्सा खातुन | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री आसमीन खातुन | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री कोरेशा खातुन | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री रुवी साह | १३२०० | १९८० | ० | १९८० | |
| | | | | म.स्वा.सेविका श्री आसमीन खातुन | १३२०० | १९८० | ० | १९८० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा रु.</td><td>१०६९०४</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**परामर्श खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गूरूयोजना, डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नु उपयुक्त देखिएन । डी.पी.आर. तथा सर्भे कार्य गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।

<table>
<tr><th>भौ.नं./मिति</th><th>कार्य विवरण</th><th>परामर्शदाताको नाम</th><th>खर्च</th></tr>
<tr><td>८९-०७८।७।११</td><td>पालिकाको प्रशासकीय भवनको डिपिआर</td><td>इफेक्टिभ इन्जिनियरिङ्ग सोलुसन प्रालि</td><td>१०५१८०४</td></tr>
<tr><td>४४९-०७८।१२।२१</td><td>पालिकाको वृत्तचित्र निर्माण</td><td>सरुन मिडिया प्रालि</td><td>३४७०००</td></tr>
<tr><td>५६०-०७९।१।९</td><td>स्थानीय सेवा प्रवाह तथा सुशासन सम्बन्धी प्रस्तावको मस्यौदा</td><td>सुजित गोपाल</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४९८८०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**सवारी साधन दर्ता**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा नं. १५ मा सरकारी सवारीको हकमा त्यस्तो सवारी साधन जुन कार्यालयको
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र सिफारिस संलग्न गरी सवारी दर्ता गराउनु पर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका देहायका सवारी साधन नियमानुसार कार्यालयको नाममा दर्ता गरी सेतो नम्बर प्लेट बनाएको पाइएन । जसले गर्दा नियमको पालना नभएको तथा सोको दुरुपयोग हुन सक्ने भएकोले पालिकाले तुरुन्त कार्यालयको नाममा दर्ता गरी सेतो नम्बर प्लेटमा परिवर्तन गर्नुपर्दछ ।<br><br>सवारी साधनको प्रकार: सवारी साधन नं<br>मोटरसाइकल: को ३५ प ४३३१<br>मोटरसाइकल: को ३ प ६१७३<br>मोटरसाइकल: प्र १०४००१ प ६०९४ | |
| ३१ | ९३ | २०७८-८-१ | **सक्कल विजक नभएको**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को निय, ३९ (१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले ल्यापटप तथा कम्प्युटर मर्मत गरी मेघा सपोर्ट प्रा.लि. लाई रु. १७२८९ भुक्तानी गरेकोमा खर्चको सक्कल विजक पेश नभएकोले सक्कल विजक पेश गर्नुपर्ने रु. | १७,२८९ |
| ३२ | | | **वितरण भरपाई**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका सामाग्री खरिद गरेकोमा सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई पेश नभएकोले वितरण गरी सोको भरपाई पेश गर्नुपर्ने रु.<br><br>भौचर नं र मिति \| बजेट शीर्षक \| सामानको नाम \| खरिद गरीएको फर्म \| रकम | ५७२,६८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६२७-०७९/१/२३</td><td>गाउँपालिका क्यालेण्डर छपाइ</td><td>गाउँपालिकाको क्यालेण्डर १०००० थान</td><td>गजुरमुखि प्रिन्टर्स विराटनगर</td><td>२९९४५०</td></tr>
<tr><td>७९७-०७९/२/२४</td><td>कार्यालय सामाग्री तथा समलन्द</td><td>रेनकोट २५ थान</td><td>बालाजी इम्पेरियम विराटनगर</td><td>९०४००</td></tr>
<tr><td>७९७-०७९/२/२४</td><td>कार्यालय सामाग्री तथा समलन्द</td><td>व्याग ६ थान</td><td>बालाजि इम्पेरियम विराटनगर</td><td>१५८२०</td></tr>
<tr><td>७९७-०७९/२/२४</td><td>कार्यालय सामाग्री तथा समलन्द</td><td>व्याग ३८ थान</td><td>एमपि व्याग उद्योग विराटनगर</td><td>१२२९४४</td></tr>
<tr><td>७९७-०७९/२/२४</td><td>कार्यालय सामाग्री तथा समलन्द</td><td>रेनकोट ११ थान</td><td>ए जि ट्रेडर्स विराटनगर</td><td>४४०७०</td></tr>
<tr><td colspan="4">जम्मा रु .</td><td>५७२६८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>बोलपत्र खोल्दाको बैठक भत्ता<br><br>सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारीता बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुदा नं. ११ मा नियमित कामको लागि बैठक भत्ता प्रदान नगर्ने उल्लेख छ । साथै सार्वजनिक निकायले विद्युतीय बोलपत्र खोल्ने बैठक वापतको भत्ता भुक्तानी पाउने व्यवस्था मापदण्डमा उल्लेख भएको पाइएन । विभिन्न सडक तथा नाला निर्माण कार्यको बोलपत्र खोल्ने कार्यमा २०७८ असोज १२ र मंसिर १३ गते बसेको बैठक भत्ता रु. २१००० भुक्तानी गरेको पाइयो । इ-बिडको बोलपत्र खोल्ने कार्यको बैठक भत्ता दिन नमिल्ने भएकोले भुक्तानी भएको भत्ता रकम असूल गरी दाखिला गर्नुपर्ने रु</td><td>१७,८५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| भौचर नं. | कर्मचारीको नाम | दिन | भत्ता दर | खुद भुक्तानी |
|---|---|---|---|---|
| ११३-०७८/८/१४ | प्र.प्र.अ. भक्त बहादुर खड्का | १ | १००० | ८५० |
| | इन्जिनियर मुकेश कुमार राउत | २ | १००० | १७०० |
| | लेखापाल रन्जित कुमार मेहता | २ | १००० | १७०० |
| | सव इन्जिनियर भागवत कुमार राम | २ | १००० | १७०० |
| | सब इन्जिनियर विकेश मेहता | २ | १००० | १७०० |
| | सहायक चौथो रमेश कुमार स्वर्णकार | २ | १००० | १७०० |
| | नायब सुब्बा महेश पोखरेल | २ | १००० | १७०० |
| | प्र.स.नि. सन्तोष निमिलसिना | २ | १००० | १७०० |
| | प्र.ह. मणिचन्द्र चौधरी | २ | १००० | १७०० |
| | प्रशासन अधिकृत सुजन ढुंगेल | १ | १००० | ८५० |
| | नायब सुब्बा विकास श्रेष्ठ | १ | १००० | ८५० |
| | सब इन्जिनियर नन्दन कुमार झा | १ | १००० | ८५० |
| | अ.स.ई.अशोक कुमार मण्डल | १ | १००० | ८५० |
| जम्मा | | | | १७८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td>१९६</td><td>२०७९-३-८</td><td>नमूना विद्यालय विद्यालय अनुदान<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा छनौट भएका नमूना विद्यालयलाई विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान निकासा गर्ने व्यवस्था छ । सो अनुसार नमूना छनौट भएको विद्यालयले शैक्षिक तथा व्यवस्थापकीय योजना तयार गरी सोको आधारमा अनुदानको खर्च गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । पालिकामा रहेका सार्वजनिक विद्यालयबाट हरिनगरा माध्यमिक विद्यालय ४ लाई नमूना विद्यालय छनौट गरी अनुदान रु. ३०००००० निकासा गरेकोमा विद्यालयले पेश गरेको योजना अनुसार कार्यक्रम गरी सोको कार्यसम्पन्न प्रतिवेदन तथा प्रमाण कागजात पेश नभएकोले योजना अनुसारको कार्य भएको भए सोको प्रमाण कागजात सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्याथा असूल गर्नुपर्ने रु.</td><td>३,०००,०००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्याको आधारमा तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।
<table>
<tr><th>विद्यालय संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>२१</td><td>१६३</td><td>१६१</td><td>३९</td><td>६८७१</td></tr>
</table>
पालिकाको कुल दरबन्दीमा २५ प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td>१०३</td><td>२०७८-११-२५</td><td>इन्टरनेट जडान</td><td>३६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० मा सामुदायिक विद्यालयमा इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रु. १२००० का दरले अनुदान निकासा गर्ने उल्लेख छ । विद्यालयलाई निकासा भएको अनुदानबाट विद्यालयमा इन्टरनेट जडान गरी खर्च लेख्नु पर्ने व्यवस्था अनुसार पालिकामा रहेका २२ वटा सामुदायिक विद्यालयलाई इन्टरनेट अनुदान रु. २४०००० भुक्तानी भएको छ । निर्देशिका अनुसार निकासा भएको देहायका विद्यालयले इन्टरनेट जडान गरेको विल भरपाई पेश नगरेको पाइएकोले सोको विल भरपाइ पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं .</th><th>विद्यालयको नाम</th><th>अनुदान निकासा</th></tr>
<tr><td>१</td><td>श्री बालकृष्ण मावि हरिनगर २</td><td>१२०००</td></tr>
<tr><td>२</td><td>श्री हरिनगरा मावि हरिनगर ४</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>श्री मावि हरिनगर ५</td><td>१२०००</td></tr>
<tr><td colspan="2">जम्मा रु .</td><td>३६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>शैक्षिक प्रतिवेदन<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानुनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td>१०३</td><td>२०७८-११-२५</td><td>प्राविधिकधार संचालन विद्यालयलाई अनुदान<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री अनुदान अन्तर्गत प्राविधिकधारको विद्यालय संचालन भएको विद्यालयलाई शिक्षण सामाग्री तथा (Lab Assistant, Equipments and Practical materials, OJT, Operation cost) का लागि प्रति विद्यार्थी वार्षिक रु. १५००० दरले अनुदान निकासा दिने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्राविधिकधारको विद्यालय संचालन भएका देहायका विद्यालयलाई रु. २१४५००० अनुदान भुक्तानी भएको छ । निर्देशिका अनुसार विद्यालयलाई निकासा भएको अनुदानको खर्च सम्बन्धी विवरण तथा प्रमाण कागजात पेश नभएकोले खर्च भएको भए सोको कागजात तथा प्रतिवेदन पेश हुनु पर्ने अन्यथा असूल हुनुपर्ने रु.
<table>
<tr><td>भौचर नं</td><td>विद्यालयको नाम</td><td>अनुदन रकम</td></tr>
<tr><td>१०३-०७८/११/२५</td><td>बालकृष्ण मा. वि . हरिनगर १</td><td>१२३००००</td></tr>
<tr><td>१०३-०७८/११/२५</td><td>हरिनगरा मा. वि . हरिनगर ४</td><td>९१५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१४५०००</td></tr>
</table></td><td>२,१४५,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बुक कर्नर<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ मा सामुदायिक विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु. १५० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका २१ वटा प्राथमिक विद्यालयहरुलाई शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु. ३७३५०० अनुदान वितरण गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरी बुक कर्नर निर्माण गर्नुपर्नेमा शिक्षण सामाग्री मात्रै खरिद गरेको पाइयो । आगामी दिनमा नियमको पालना गरी खर्च लेख्नुपर्दछ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरी बुक कर्नर निर्माण गर्नुपर्नेमा शिक्षण सामाग्री मात्रै खरिद गरेको पाइयो । आगामी दिनमा कार्यक्रमको उद्देश्य प्राप्त हुने गरी खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **परम्परागत धार्मिक विद्यालय दर्ता**<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकुल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिका क्षेत्र भित्र १८ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेकालाई यस वर्ष रु. ५८९२००० सांचालन अनुदान प्रदान गरेको भएता पनि दर्ता सम्बन्धी अभिलेख र अनुगमन प्रतिवेदन पेश भएन । | |
| ४१ | १८६ | २०७९-२-२१ | **सेनिटरी प्याड खरीद**<br><br>सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न संघीय सरकारमार्फत सशर्ततर्फ स्थानीय तहलाई बजेट विनियोजन भएको छ । सो कार्यलाई व्यवस्थित गर्न सेनिटरी प्याड व्यवस्थापन रणनीनि, २०७६ जारी गरेको छ । स्थानीय तहबाट खरिद गरिने सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । पालिकाले यस वर्ष सेनिटरी प्याड वितरण तथा व्यवस्थापनका लागि प्राप्त बजेटबाट रु. १११८८६८ को सेनिटरी प्याड मेडी इन्टरप्राइजेज प्रा.लि.बाट १८६५५ थान खरिद गरेको छ । उक्त सेनिटरी प्याड सेनिटरी प्याड व्यवस्थापन रणनीति, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्ष भरी वितरण गर्नुपर्नेमा नगरी पालिकाले वर्षान्तमा खरिद गरेको पाइयो । सेनिटरी प्याड समयमा खरिद गरी वर्षभरी वितरण गर्नु कार्यक्रमको उद्देश्य भएकोमा पालिकाले आर्थिक वर्षको अन्त्यमा खरिद गरी विद्यालयलाई वितरण गरेको पाइयो । अतः आगामी समयमा विद्यार्थी संख्या यकिन गरी आवश्यकताको आधारमा समयमै उपलब्ध गराई छात्राहरुलाई हस्तान्तरण हुनुपर्दछ । बजेट फ्रिज हुन नदिने उद्देश्य राखी आर्थिक वर्षको अन्त्यमा खरिदका लागि खरिद गर्ने कार्यलाई निरुत्साहित गरिनुपर्दछ । | |
| ४२ | | | **कृषि र पशु कार्यक्रम तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.१ | | | **कृत्रिम गर्भाधान मिसन कार्यक्रमः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ (१) बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिदको लागि एक लाख रुपैयाँ भन्दा माथिको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नुमुना परीक्षण गर्दा पालिकाले यस आ.व.मा लागत अनुमान तयार नगरी ३ वटा फर्महरुबाट दररेट माग गरी पेश भई आएका दररेटबाट कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि आवश्यक पर्ने एआई कन्टेनर लगायतका ११ प्रकारका सामग्री खरिद गरी बी एण्ड बी भेट्स फर्मा(३०५३४१९२१)लाई रु.३,४६,१९८।- भुक्तानी दिएको छ । दररेट माग गरे बमोजिम ३५ लिटरका एआई कन्टेनर प्रतिगोटा मु.अ.क.सहित रु.१,३४,००७।-का दरले २ वटा आपूर्ति गर्ने दररेट पेश भएकोमा बिल परीक्षण गर्दा ३० लिटरका कन्टेनर सोही मूल्यमा खरिद गरीएको देखियो । लागत अनुमान, माग फाराम बेगर खरिद गरीएका यी समाग्रीहरु खरिद गरीए पछि पनि परीक्षण नगरी भुक्तानी दिएको देखिएकोले पालिकालाई आवश्यक पर्ने सामग्री खरिद भएको भनी यकिन गर्न सक्ने आधार देखिएन । दररेट माग गर्दा खुलाए बमोजिमको सामग्री आपूर्ति नहुँदा पालिकालाई थप व्ययभार भए नभएको सम्बन्धमा पालिकाले कुनै टिप्पणी गरेको देखिएन । आपूर्ति भएका सम्पूर्ण सामग्रीहरुको उचित उपयोग गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ । | |
| ४२.२ | | | **पकेट कार्यक्रमः** पकेट कार्यक्रम अन्तर्गत लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा देहायका कृषक समूहहरुमा अनुदान रकम भुक्तानी भएको छ । अनुदान रकमको सही उपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । अनुदान रकमको सही उपयोग हुनुपर्दछ । | |

| क्र.सं. | पकेट कृषि समूह | कार्यक्रम | कुल लागत अनुमान | अनुदान रकम |
|---|---|---|---|---|
| १ | जनचेतना कृषक समूह(६१४१७३३२१) हरिनगर- ७ | मकै पकेट | ११००३७५ | ६००००० |
| २ | सरस्वती महिला कृषक समूह(६०१५८७४३२) हरिनगर- ३ | तरकारी | ११०२२५० | ६००००० |
| ३ | जनकल्याण कृषक समूह(६१४११७९५२) हरिनगर- ३ | मकै पकेट | १०९४४२८ | ६००००० |
| ४ | श्री जय माँ दुर्गा कृषक समूह(६१४२९४५३२) | तरकारी | ११००३७५ | ६००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.३ | 205 | २०७९-३-१५ | **सक्कल बिल नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको | ४६०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको पोषण कार्यक्रम र पोषण संवेदनशील कार्यक्रम बापत खर्च भएको रु.४,६०,०००।– को बिलभरपाई परीक्षण गर्दा फोटोकपी बिल भरपाई संलग्न भएकोले सक्कल बिल भरपाई पेश हुनुपर्ने रु. | |
| ४२.४ | | | **कृषि अनुदानः** पालिकाबाट प्राप्त तथ्यांक अनुसार पालिकाले यस आ.व.मा कृषकहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा लाभान्वित बनाई कृषि पेशाबाट आय आर्जन गर्न सहज तुल्याउने उद्देश्यले देहायका कार्यक्रम सञ्चाल गरी रु.४५,५०,०००।– खर्च गरेको देखिन्छ । पालिकाबाट भएको लगानीको उचित उपयोग हुनुपर्दछ । | |

| क्र. सं. | आयोजनाको नाम | आयोजना संचालन भएको स्थल | लाभान्वित जनसंख्या | मुख्य उपलब्धी / प्रगति | खर्च व्यहोरेको स्रोत | खर्च रकम |
|---|---|---|---|---|---|---|
| १ | १०० प्रतिशत अनुदानमा कृषकहरुलाई तरकारीको विउ तथा मिनिकिट वितरण | हरिनगर गाउँपालिका सवै वडाहरु | १९७५ | कृषकहरुले ताजा तरकारी आफनै बारीबाट उत्पादन गरी घरपरीवारमा प्रयोग गरी बाकि बजारमा बेचने गरेको | गाउँपालिका चालु | ३५०००० |
| २ | ५० प्रतिशत अनुदानमा कृषकहरुलाई गहुँ विउ वितरण | हरिनगर गाउँपालिका सवै वडाहरु | ७५० | गहुँबालीमा उत्पादन वृद्रि भएको | गाउँपालिका चालु | ५००००० |
| ३ | ५० प्रतिशत अनुदानमा कृषकहरुलाई धान विउ वितरण | हरिनगर गाउँपालिका सवै वडाहरु | ५६० | धानबालीमा उत्पादन वृद्रि भएको | गाउँपालिका चालु | ५००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १०० प्रतिशत अनुदानमा कृषकहरुलाई कृषि चुन वितरण | हरिनगर गाउँपालिका सवै वडाहरु | ५०० | माटोमा सुधार भएको | गाउँपालिका चालु | ५००००० |
| ६ | विपन्न गरिब महिला कृषकहरुलाई क्षमता विकास | हरिनगर गाउँपालिका सवै वडाहरु | २१० | ज्ञान सीप क्षमता सैद्धान्ति र व्यवहारिक ज्ञानमा विकास भएको | संघीय सरकार सशर्त चालु | ३००००० |
| ७ | राष्टिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने वाली वस्तुको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) मकै सख्या –२(५० प्रतिशत अनुदान) | हरिनगर गाउँपालिका वडा ३ र ७ | ५७५ | पोषण सुरक्षामा टेवा पुऱ्याउने | संघीय सरकार सशर्त चालु | १२००००० |
| ८ | राष्टिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने वाली वस्तुको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) तरकारी सख्या –२ (५० प्रतिशत अनुदान) | हरिनगर गाउँपालिका वडा ३ र ४ | ४५० | | संघीय सरकार सशर्त चालु | १२००००० |
| | जम्मा | | | | | ४५५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.५ | | | **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित आन्तरिक लेखापरीक्षण शाखाबाट आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राखुपर्ने व्यवस्था छ । पालिकाले सम्झौता कृषि सहकारी संस्था(६०२३३२१७२) धान पकेटलाई गत आ.व. को भुक्तानी दिन बाँकी रहेको रकम रु.४४३२५०।– भुक्तानी गर्दा भुक्तानी दिन बाँकी रहेको प्रमाण संलग्न नराखेको तथा बिल भरपाई सक्कल नभई फोटोकपी मात्र पेश भएकोले प्रमाण पेश गर्नुपर्ने रु. | ४४३,२५० |
| ४३ | | | **अतिरिक्त प्रोत्साहन भत्ताः**<br><br>गरिब परिवार पहिचान तथा परिचयपत्र बितरण निर्देशिका, २०७५ को दफा २३ मा स्थलगत रुपमा खटिने गणकलाई निजामती सेवाको राजपत्र अनंकित द्वितीय श्रेणी र सुपरीवेक्षकलाई राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीको मासिक तलबको शुरु स्केल बराबरको पारिश्रमिक दिने साथै इन्टरनेट खर्च बापत मासिक रु.२,०००।-,परिचयपत्र बितरण कार्यमा खटिने कर्मचारीलाई प्रति परिवार दुई रुपैया र भ्रमण खर्च बापत प्रतिदिन रु.३००।-का दरले भुक्तानी दिने व्यवस्था छ । पालिकाले पालिका अन्तर्गत रहेका गरिब परिवार पहिचान तथा परिचयपत्र बितरण कार्यक्रमको लागि मिति २०७८।११।२० देखि २०७९ असार मसान्तसम्मको लागि १ जना सुपरीवेक्षक र ६ जना गणकलाई करार सम्झौता गरी कार्यक्रम सञ्चालन गरेकोमा निर्देशिकामा व्यवस्था भएको सुविधा भन्दा बढी अतिरिक्त प्रोत्साहन भत्ता भनी प्रतिदिन रु. १६५।- का दरले भुक्तानी भएको देहायको अनियमित देखिएको रु. | १५३,२२३ |

| क्र.सं. | पद नाम | जम्मा कार्य दिन संख्या | दर | जम्मा रकम | सा.सु.कर कट्टी पछिको रकम |
|---|---|---|---|---|---|
| १ | सुपरीवेक्षक श्री शहवाज आलम | १३४ | १६५ | २२११० | २१८८९ |
| २ | गणक श्री पप्पु कुमार | १३४ | १६५ | २२११० | २१८८९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>यादव</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>गणक श्री मेहरवान अंसारी</td><td>१३४</td><td>१६५</td><td>२२११०</td><td>२१८८९</td></tr>
<tr><td>४</td><td>गणक श्री अनवर अंसारी</td><td>१३४</td><td>१६५</td><td>२२११०</td><td>२१८८९</td></tr>
<tr><td>५</td><td>गणक श्री लुकमान अंसारी</td><td>१३४</td><td>१६५</td><td>२२११०</td><td>२१८८९</td></tr>
<tr><td>६</td><td>गणक श्री मो.इरफान आलम</td><td>१३४</td><td>१६५</td><td>२२११०</td><td>२१८८९</td></tr>
<tr><td>७</td><td>गणक श्री आमिर अंसारी</td><td>१३४</td><td>१६५</td><td>२२११०</td><td>२१८८९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९३८</td><td></td><td>१५४७७०</td><td>१५३२२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम</td><td></td></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उद्यमीहरुलाई पशु, पंक्षीका बच्चा तथा चल्ला बितरण गर्ने स्पष्ट व्यवस्था भएको पाइदैन । पालिकाले गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत स्तरोन्नती तर्फ पुरानो उद्यमीहरुलाई यस आ.व.मा सुंगुरको भुनी प्रतिगोटा रु.५,९५०।-दरले २७ वटा र बुचा प्रतिगोटा रु.९,५००।–का दरले २ वटा गरी जम्मा २९ वटा रु.१,७९,६५०।-मा खरिद गरी वडा नं. ७ का २९ जनालाई निःशुल्क वितरण गरेको छ । बितरित उक्त सुंगुरको हालको अवस्थाको सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा हाल २८ वटा जिवित अवस्थामा रहेको जनाएको छ । जिबित बुचा, भुनीको उचित व्यवस्थापन गरी व्यवसाय विस्तार गर्ने तर्फ पालिकाबाट निर्देशन र लेखाजोखा हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>स्थानीय स्तरमा रहेका न्यून आय भएका वर्गको पहिचान गरी उनीहरुमा जीविको पार्जनमा सहज र सहयोग पुऱ्याउन विभिन्न प्रकारका व्यवसायिक ज्ञान,सीप,क्षमता अभिबृद्धि गर्दै उनीहरुको इच्छा, चाहाना, व्यवसायिक ज्ञान, सीप, अनुभवको आधारमा सोही किसिमको लघु उद्यम व्यवसाय सञ्चालन गर्न सहजीकरण गरेर गरीबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालित छ । यस आ.व.मा पालिकाले पालिकाका विभिन्न वडाहरुका २९५ जनालाई देहायका सीप विकास तालिममा सहभागी गराएको पाइयो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तालिमबाट प्राप्त ज्ञान, सीपको उचित उपयोग हुने तर्फ वशेष ध्यान दिनुपर्दछ । | |

| क.सं. | तालिमको विवरण | सञ्चालन मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | ३ दिने व्यवसाय सचेतना तालिम, वडा नं.१,२,६ र ७ | माघ, फागुन र जेठ | ९१ |
| २ | ५ दिने व्यवसाय शुरु तालिम, वडा नं.१,२,६ र ७ | माघ, फागुन र जेठ | ९१ |
| ३ | मुढा उत्पादन सम्बन्धी सीप विकास तालिम वडा नं.२ | २०७८।१२।२४ देखि २०७९।१।८ सम्म | ११ |
| ४ | बाख्रापालन सीप विकास तालिमा वडा नं.७ | २०७९।२।२७ देखि ३१ सम्म | २० |
| ५ | बंगुरपालन सीप विकास तालिमा वडा नं.७, घुस्की | २०७९।२।२६ देखि ३० सम्म | १३ |
| ६ | क्रिस्टल गहना उत्पादन सीप विकास तालिम वडा नं. ६, घुस्की | २०७९।३।५ देखि १४ सम्म | १३ |
| ७ | सिलाई कटाई सम्बन्धी ३ महिने सीप विकास तालिम, वडा नं. १ रामनगर भुटाहा | २०७८।१२।६ देखि २०७९।३।१५ सम्म | १५ |
| ८ | सिलाई कटाई सम्बन्धी ३ महिने सीप विकास तालिम, वडा नं.२ रामनगर भुटाहा | २०७८।१२।६ देखि २०७९।३।१५ सम्म | ७ |
| ९ | ड्राइभिङ्ग सम्बन्धी १ महिने सीप विकास तालिम | २०७९।२।१६ देखि ०७९।३।१४ सम्म | ७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>पुरानो उद्यमीहरुको बंगुरपालन व्यवसाय स्तरोन्नति सीप विकास तालिम, वडा नं. ७ घुस्की</td><td>२०७९।२।३१ देखि ०७९।३।४</td><td>२७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>नमुना विद्यालय<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालय भौतिक पूर्वाधारतर्फ निकासा भएको रकम सम्बन्धीत निर्माण कार्यमा खर्च गर्नुपर्ने हुन्छ । साथै नमूना विद्यालयतर्फको भौतिक पूर्वाधार र अन्य व्यवस्थापन खर्च सम्बन्धीत शीर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले हरिनगरा मा.वि. वडा नं. ४ को लागि नमूना विद्यालय कार्यक्रममा रु. ७०००००० निकासा गरेकोमा हालसम्म कुनै काम अगाडि बढेको तथा कार्यसम्पन्न भएको प्रमाण नदेखिएको हुँदा कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा खर्च नभएको रकम यकिन गरी संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.</td><td>७,०००,०००</td></tr>
<tr><td>७१</td><td>55</td><td>२०७८-१०-१६</td><td>बसन्तपुर वेसक्याम्प बाटोमा ग्याविन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा खरिद कार्य गर्न अघि निर्माण कार्यको स्वीकृत नर्म्सको आधारमा लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । बसन्तपुर वेसक्याम्प बाटोमा ग्याविन लगाउने कार्यको लागि पालिकाले उपभोक्ता समितिको गठन गरेको देखिन्छ । लागत अनुमानमा ग्याविनको कामको इकाई दर निकाल्दा ढुङ्गाको मूल्यमा ढुवानी गणना गर्दा एक ट्रकको रु. १६४९ आएको देखिन्छ । एक ट्रकमा नर्म्स अनुसार ४.७८ घन मि. ढुङ्गा ढुवानी गर्न सकिने हुँदा प्रति घन मिटर ढुङ्गाको ट्रक ढुवानी रु. ३४५ मात्र हुन आउने हुदा सो लागी प्रति घन मिटर ढुङ्गाको ढुवानी कायम गरी जिल्ला दररेट रु. २००० मा थप गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा प्रति घन मिटर ढुङ्गामा एक ट्रकको ढुवानी भाडा रु. १६४९ राखेको कारणले प्रति घन मिटर</td><td>८३२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग्याविनको काममा रु. १३०० बढी भुक्तानी भई जम्मा ५८३ घन मिटरमा आवश्यक पर्ने १.१ घन मिटर ढुङ्गाको दरले ६४० घन मिटर ढुङ्गाको रु. ८३२००० बढी भुक्तानी भएको हुँदा सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु. | |
| ७२ | | | **ब्याक फिलिङ**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बिजको भुक्तानी दिँदा प्रविधिक नापी किताबको आधारमा मुल्याकंन अनुसारको रकम भुक्तानी दिनपर्ने व्यवस्था छ । कार्यालयले बसन्तपुर बेशक्याम्प सडक निर्माणको लागत अनुमानमा ब्याक फिलिङको दररेट विश्लेषण गर्दा १० कि. मि. बाट ढुवानी गरेको भनी देखाइ इकाई दर बनाएको छ । सोही स्थानमा एक्साभेसन गरी निस्केको ८२०२ घन मिटर माटोको परिमाण नघटाई ब्याक फिलिङ गर्ने माटोको सबै परिमाण १० कि. मि. बाट ल्याएको दररेट विश्लेषण गरेको कारणले प्रति क्यु. मि. रु. ४९८ वढीको दर कायम भई फरक पर्न गएको छ । त्यहि निस्केको माटोलाई पुर्ने काममा प्रति क्यु. मि. १५४ पर्ने देखिन्छ । त्यहि निस्केको माटोको परिमाण फिलिङको जम्मा परिमाणबाट नघटाई सबै माटो ढुवानी गरी ल्याइएको देखाएकोले ब्याक फिलिङ गरेको जम्मा रु. १७५२८ घन मिटर मध्ये त्यही निक्लेको तथा नघटाएको परिमाण ४९२१ घन मिटरको रु. २४५०६५८ बढीको लागत बनाएको देखिन्छ ।. | |
| ७३ | | | **नन्फाइलर**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले इफेक्टिभ इन्जिनियरिङ्ग प्रालिलाई भुक्तानी गरेकोमा कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | १३२,२८१ |

| फर्मको नाम | पान नं. | बिजक नं | मु.अ. कर | कैफियत (Non-filer since) |
|---|---|---|---|---|
| इफेक्टिभ इन्जिनियरिङ्ग प्रालि | ६०९६४९३२७ | १ | १२१००४ | 2078। M । 12 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सिक्स स्टार स्टेशनरी एण्ड प्रिन्टीङ प्रेस \| ६१३२२०७१७ \| १८८ \| ११२७७ \| 2079/M/2<br>जम्मा \| \| \| १३२२८१ \| | |
| ७४ | | | **धार्मिक कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयंसेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिंक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सो ऐनले तोकेका शर्तभन्दा फरक धार्मिक योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्नेतर्फ दिनुपर्ने देखिन्छ । केही उदाहरणः<br>गो. भौ . नं . \| भुक्तानी प्राप्त गर्न व्यक्तिको/ संस्थाको नाम \| रकम रु<br>१९७-०७८।९।२३ \| श्री श्री १०८ श्री दुर्गा मन्दिर व्यवसव्थापन समिति \| १२५०००<br>२७९-०७८।१०।१७ \| दुर्गा भवगती मन्दिर व्यवस्थापन समिति \| ९५०००<br>३३१-०७८।११।१२ \| विजयदशमी उत्सव कार्यक्रम व्यवस्थापन समिति \| १५००००<br>५७०-०७९।१।१४ \| गाउँपालिका सन्तमत सतसंग समिति \| २५००००<br>जम्मा \| \| ६२०००० | |
| ७५ | | | **अन्य कार्यालयको खर्च**<br><br>स्थानीय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ । सार्वजनिक कार्यालयको इन्धन, सवारी साधन मर्मत वापत खर्च गर्न सोही | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयबाट वजेट व्यवस्था हुने र सोही कार्यालयबाट नियमानुसार खर्च गर्ने गर्दछ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष निम्न अन्य सार्वजनिक कार्यालयहरुको खर्च लेखेको छ । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार बढ्दै जाने र खर्चमा मितव्ययिता नहुने देखिन्छ । आगामी दिनमा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>कार्यालयको नाम</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>४८-०७८।६।१९</td><td>सशस्त्र प्रहरी बल नेपाल विओपि भुटाहा</td><td>कार्यालय खर्च</td><td>१४३००</td></tr>
<tr><td>९०-०७८।८।१</td><td>प्रहरी चौकी हरिनगर</td><td>सवारी साधन मर्मत</td><td>१००००</td></tr>
<tr><td>२४४-०७८।१०।४</td><td>इलाका प्रहरी कार्यालय हरिनगर</td><td>सवारी साधन मर्मत</td><td>३५०००</td></tr>
<tr><td>२५०-०७८।१०।११</td><td>सशस्त्र प्रहरी बल नेपाल विओपि वसन्तपुर</td><td>सवारी साधन मर्मत</td><td>३००००</td></tr>
<tr><td>२७०-०७८।१०।१४</td><td>प्रहरी चौकी हरिनगर</td><td>सवारी साधन मर्मत</td><td>१००००</td></tr>
<tr><td>३३४-०७८।११।१२</td><td>प्रहरी चौकी हरिनगर</td><td>विविध खर्च</td><td>१४०००</td></tr>
<tr><td>७८१-०७९।३।२४</td><td>सशस्त्र प्रहरी बल नेपाल विओपि घुस्की</td><td>विविध खर्च</td><td>९९५०</td></tr>
<tr><td>७८१-०७९।३।२४</td><td>इलामा प्रहरी कार्यालय हरिनगर</td><td>विविध खर्च</td><td>१०९००</td></tr>
<tr><td colspan="3">जम्मा रु.</td><td>१३४१५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>स्वकीय सचिव तथा कानुनी सल्लाहकार<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) गाउँपालिकाको जनप्रतिनिधिले कानुनी सल्लाहकार तथा स्वकीय सचिव राख्न पाउने कानुनी व्यवस्था उल्लेख छैन । पालिकाले यस वर्ष दुई जना (सोनु कुमार झा र विकास कुमार देव) स्वकीय सचिव र एक जना कानुनी सल्लाहकार (कृष्ण प्रसाद दाहाल) नियुक्त गरी तलव भत्ता रु. ४५०००० खर्च लेखेको छ । ऐन अनुसार राख्न नपाउने तथा सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरी सोको</td><td>४५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मुल्याङ्कन समेत नगरी भुक्तानी गरेको खर्च अनियमित देखिएको रु. | |
| ७७ | | | **स्फेसिफिकेशन र लागत अनुमान बेगरको खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम आवश्यक मालसामानको लागत अनुमान तयार गर्ने र नियम १४ (१) बमोजिम सम्बन्धित अधिकारीबाट लागत अनुमान स्वीकृति गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका मालसामानहरूको खरिद प्रकृयाको नमूना परीक्षण गर्दा खरिदमा स्फेसिफिकेशन र लागत अनुमान तयार गरी सम्बन्धित अधिकारीबाट स्वीकृति गरीएको छैन । यसरी स्फेसिफिकेशन र लागत अनुमान तयार नगर्दा खरिद विधि छनौट गर्न नसकिने र खरिदमा पूर्ण प्रतिस्पार्धा समेत हुन नसक्ने हुँदा आगामी दिनमा खरिद कानुनको पूर्ण रुपमा परिपालना गर्नुपर्दछ । | |
| ७८ | | | **उन्नत जातको गहुँ विउ खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्र र खरिद योजना अनुसार बीस लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने र ८४(९क) पहिलो पटक सूचना बमोजिम पेश भएका दरभाउपत्र मध्ये न्यूनतम तीन वटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबैभन्दा कम कबोल अंक रहेको दरभाउपत्र स्वीकृतिका लागि मूल्यांकन समितिले छनौट गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उन्नत जातको गहुँ विउ खरिदका लागि लागत अनुमान रु. १९,९९,९९९.४८ स्वीकृत गरी खरिद कार्य गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरेकोमा प्राप्त भएका तीन वटा दरभाउपत्रहरूमध्ये दुई वटा दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही नभएर पनि पुनः सूचना प्रकाशन गर्दा गहुँको विउ छर्ने समय घट्की सक्ने कारण देखाई कुश्वाहा खाद् विज भण्डार, सुनसरीको कबोल अंक रु. १९,९८,५००/- स्वीकृत गरी भुक्तानी गरेको नियमसम्मत देखिएन । | १,९९८,५०० |
| ७९ | | | **तीस प्रतिशत मुअ कर कट्टा नगरेकोः**<br><br>मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का सम्झौता वा करार सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको | २२१,३३१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको भौचरको नमूना परीक्षण गर्दा देहायको सम्झौतामा नियमानुसार कट्टा गर्नु कर रकम कट्टा नगरेको हुँदा सम्बन्धितले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्छ ।
<table>
<tr><th>गो. भौ . नं .र मिति</th><th>फर्मको नाम</th><th>बिजक नं.</th><th>भ्याट रकम रु.</th><th>तीस प्रतिशत रकम रु.</th></tr>
<tr><td>१५- ०७९।३।७</td><td>पपुलर हार्डवेयर ट्रेडर्स ( ६०१०७५३९३ )</td><td>२७२</td><td>१९५६३</td><td>५८६९</td></tr>
<tr><td>२२- ०७९।३।१२</td><td>जय गुरू ट्रेडर्स ( ६०३४५११६८ )</td><td>१०६२<br>१०६३</td><td>५७४०५</td><td>१७२२२</td></tr>
<tr><td>२७- ०७९।३।२३</td><td>चौलाली आर्टस् एण्ड प्रिन्टर्स ( ६००८८९८३६ )</td><td>४४</td><td>२२९२५</td><td>६८७८</td></tr>
<tr><td>२७-०७९।३।१९</td><td>सिभिल मिडिया एण्ड रिसर्च सेन्टर प्रा. लि .( ६०६८६९८४१ )</td><td>११</td><td>११४०७८</td><td>३४२२४</td></tr>
<tr><td>३७-०७९।३।२२</td><td>साई इन्टरप्राइजेज ( ६०८३५५३३९ )</td><td>१३२<br>१३३</td><td>८८५४३</td><td>२६५६३</td></tr>
<tr><td>३९- ०७९।३।२२</td><td>कुनाल स्टोर ( ३०१८४५०४५ )</td><td>१२९७</td><td>११४८६२</td><td>३४४५९</td></tr>
<tr><td>४३- ०७९।३।२४</td><td>प्लाज्मा टेक्नोलिजिष्ट प्रा. लि .( ३००९७९८७९ )</td><td>७८</td><td>१०६४०५</td><td>३१९२२</td></tr>
<tr><td>४५- ०७९।३।२४</td><td>भुगोल इन्जिनियरिङ कन्सल्टेन्ट प्रा. लि .( ६०६७०२९४२ )</td><td>२१</td><td>२१३९८०</td><td>६४१९४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२१३३१</td></tr>
</table></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>ग्रेड रकम बढी भुक्तानीः</td><td>३६,२३७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालयले मिति २०७८ श्रावण १ गतेदेखि लागू हुने गरी आ.व.२०७८।७९ मा स्वीकृत नयां तलबमान अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।१०।२७ को निर्णयानुसार मिति २०५७ श्रावण १ गते भन्दा अगाडि नियुक्ति भएका प्राविधिक कर्मचारीहरुको हकमा प्राविधिक ग्रेड बापत २ ग्रेड दिन सकिने र कर्मचारी समायोजन ऐन,२०७५ को दफा ७(८) मा सरकारी सेवामा तहगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहको सम्बन्धित सेवाको तहमा समायोजन गर्दा समान तहमा समायोजन भएका कर्मचारीलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप दिने व्यवस्था छ । पालिकाले कृषि अधिकृत छैटौं लक्ष्मी प्रसाद मेहता स्तर वृद्धि भएर पनि प्रति महिना समायोजन ग्रेड वापतको रकम रु. २५३४ का दरले तेह्र महिना र दश प्रतिशत सञ्चयकोष थप समेतको जम्मा रु. ३६,२३७/- सम्बन्धितबाट असूल गरी सञ्चित कोष दाखिला हुनुपर्ने रु. | |
| ८१ | | | **भरपाई पेश नभएको:**<br><br>आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले कर्मचारीहरूका लागि वितरण गर्न भ्याट सहित प्रति गोटा रु. १७०० का दरले ११७ वटा ल्यापटप व्याग खरिद गरेकोमा ७४ वटा वितरण गरेको भरपाई संलग्न रहेकोमा ४३ वटा व्याग मौज्दातमा नरहेको तर वितरण गरेको भरपाई पेश नभएकोले उक्त व्याग वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ । | ७३,१०० |
| ८२ | | | **उर्दु भाषा र कम्प्युटर हेल्मेट शिक्षकः** | |
| ८२.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११ज) मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार रहेको छ । पालिकाले स्थानीय तहको सामुदायिक विद्यालयहरूमा उर्दु भाषा अध्यापन गराउनका लागि ४ जना र कम्युटर विषय अध्यापन गराउनका लागि २ जना कम्प्युटर हेल्मेट शिक्षक गरी ६ जना शिक्षकलाई मासिक पारिश्रमिक रु. १८७५० दिने गरी नियुक्त गरेको छ । पालिकाले उर्दु भाषा शिक्षकको लागि रकम रु. ९७५००० र कम्प्युटर हेल्मेट शिक्षकका लागि रकम रु. ४८७००० गरी जम्मा रकम रु. १४६२००० खर्च गरेको छ । अतः सामुदायिक विद्यालयका विद्यार्थीहरूले कार्यक्रमको लक्ष्य र उद्देश्य अनुसारको ज्ञान तथा सिकाई प्राप्त गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२.२ | | | **चाडपर्व खर्च-** पालिकाले उर्दु भाषा र कम्प्युटर विषय अध्यापन गराउनका लागि करार सम्झौता गरी ६ जना शिक्षकहरूलाई नियुक्त गरेकोमा उनीहरूले पाउने पारिश्रमिकसम्बन्धी व्यवस्थामा चाडपर्व खर्च पाउने उल्लेख भएको देखिदैंन । पालिकाले देहायका ६ जना शिक्षकहरूलाई चाडपर्व खर्च रु. १८७५० का दरले जम्मा रु. ११२५०० भुक्तानी गरेको हुँदा सामाजिक सुरक्षा कर बाहेकको रकम रु. १११३७८ सम्बन्धित शिक्षकहरूबाट असूल गर्नुपर्दछ । | १११,३७८ |

| सि. नं. | शिक्षकको नाम | चाडपर्व खर्च रु. ( कर बाहेक ) | विषय |
|---|---|---|---|
| १ | मो. रियाज अन्सारी | १८५६३ | कम्प्युटर |
| २ | इम्तियाज अन्सारी | १८५६३ | कम्प्युटर |
| ३ | मो. खालिद अन्सारी | १८५६३ | उर्दु भाषा |
| ४ | सद्दाम अन्सारी | १८५६३ | उर्दु भाषा |
| ५ | निकहत बानो | १८५६३ | उर्दु भाषा |
| ६ | फरहाना खातुन | १८५६३ | उर्दु भाषा |
| जम्मा रु. | | १११३७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **स्थानीय पाठ्यक्रम र नमूना पाठ्यपुस्तक निर्माणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले स्थानीय विषयवस्तुलाई समावेश गरी पालिकाको आधारभूत तह (कक्षा १ देखि ८ कक्षा) सम्मको लागि स्थानीय पाठ्यक्रम र नमूना पाठ्यपुस्तक निर्माणका लागि सिलबन्दी दरभाउपत्रमार्फत खरिद गरेकोमा सिभिल मिडिया एण्ड रिसर्च सेन्टर, काठमाडौंसँग रु. १४९१६०० (भ्याट सहित) मा मिति २०७८।१।८ गते सम्झौता गरेको छ । पालिकाले अघिल्लो आर्थिक वर्षमा सम्झौता रकममध्ये रु. ५००००० भुक्तानी गरेको र यो आर्थिक वर्षमा बाँकी रकम रु. ९९१६०० गरी जम्मा रकम रु. १४९१६०० भुक्तानी गरेको छ भने सम्झौता बमोजिमको स्थानीय पाठ्यक्रम र नमूना पाठ्यपुस्तक समेत प्राप्त गरेको छ । अतः पालिकाले स्थानीय तहका सामुदायिक विद्यालयहरूमा उक्त पाठ्यक्रम र पाठ्यपुस्तक लागू गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८४ | | | **नवप्रवर्तन साझेदारी कोषतर्फः** | |
| ८४.१ | | | **नवप्रवर्तन साझेदारी कोष (IPF)-** स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह र स्थानीय आर्थिक विकास एवं विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्चजनशीलता प्रवर्द्धन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी कोषको माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्नको लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम स्थानीय आर्थिक विकासका लागि शासन प्रक्रिया र सेवा प्रवाह सुधार कार्यक्रमका लागि कुल लागत रकम रु. २१५००००० मध्ये नवप्रवर्तन साझेदारी कोषबाट रु. १५०००००० र पालिकाबाट रु. ६५००००० लागत साझेदारी रहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १र हरिनगर गाउँपालिकाबीच सम्झौता भएको छ । यस सम्झौतामा उल्लेख भएका शर्त र कार्यक्रम कार्यान्वयनका विषयमा देखिएका व्यहोराहरू देहाय बमोजिम रहेका छन् ।<br><br>• यो परियोजनाको अवधि मिति २०७९।२।११ देखि शुरु भई मिति २०८०।२।१५ गते सम्पन्न हुनेछ ।<br>• परियोजनाको मुख्य उद्देश्य विद्युतीय प्रणालीको प्रयोगद्वारा शासन तथा सेवा प्रवाहमा सुधार गर्ने र कृषीमा प्रविधिको प्रयोग मार्फत दिगो आर्थिक विकासको आधार तयार गर्ने रहेको छ ।<br>• परियोजनाको उद्देश्य प्राप्त गर्नका लागि अनुसूची २ बमोजिम विद्युतीय प्रणालीको प्रयोगद्वारा शासन तथा सेवा प्रवाह सुधार गर्नका लागि मोवाइल एप निर्माण, अनलाइन सेवा प्रणाली, उजुरी गुनासो सुनुवाइ व्यवस्थापन प्रणाली, इ हाजिरी, कार्यालयको आधिकारीत इमेल तथा क्लाउड सेवा सञ्चालन र मानव संशाधन व्यवस्थापन प्रणाली लगायतको लागि ३८ वटा क्रियाकलापहरू सञ्चालन हुनेछन् भने कृषीमा प्रविधिको प्रयोग मार्फत दिगो आर्थिक विकासको आधार तयार गर्नका लागि कृषि समूह निर्माण, कृषि सूचना व्यवस्थापन प्रणाली, कृषि बजारीकरण, मोवाइल एप, कृषि प्रविधि लगायतका लागि ४६ वटा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्रियाकलापहरू सञ्चालन हुनेछन् ।<br>• सम्झौता अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त हुने रकम रु. १५०००००० मध्ये पहिलो किस्ता वापत रु. ७५००००० प्राप्त भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु. ७०८९०००० खर्च गरेको छ ।<br>• पालिकाले परियोजनाको उद्देश्य प्राप्त गर्नका लागि सञ्चालन गर्नुपर्ने विभिन्न क्रियालापहरूमध्ये आवश्यक सामाग्री तथा परामर्श सेवा खरिद कार्य गर्नका लागि खरिदको कार्य तथा प्रकृति मिल्ने गरी प्याकेजिङ गर्ने र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा कार्यान्वयन गर्नुपर्ने समय थोरै भएको कारण देखाई टुक्रा टुक्रा पारी खरिद गरेको देखिन्छ । आगामी दिनमा खरिदको कार्य तथा प्रकृति मिलाइ प्याकेजिङ गर्ने र बोलपत्रको माध्यमबाट खरिद कार्य गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ८४.२ | | | **खरिदमा प्रतिस्पर्धा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एकल लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने तथा प्राप्त भएका दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले परियोजनाको क्रियाकलापमध्ये देहायबमोजिमको परामर्श सेवा तथा सामाग्रीहरु तीनवटा फर्महरूबाट दररेट माग गरी सोझै खरिद गर्दा दुई वटा फर्मको दररेट लागत अनुमानभन्दा बढी भएको र स्वीकृत दररेटको कवोल अंक समेत लागतभन्दा थोरै रकमले मात्र कमी भएको देखिएको हुँदा आगामी दिनमा पालिकाले खरिद कानुनमा उल्लेख भएबमोजिम प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| सि. नं. | खरिदको विवरण | स्वीकृत फर्मको नाम | लागत रु. | स्वीकृत कवोल रु. | कैं. |
|---|---|---|---|---|---|
| १ | सर्भर व्यवस्थापन, डिजिटल सूचना पार्टी र सीसी क्यामेरा खरिद ( गोश्वारा भौचर नं . ३७ मिति २०७९।३।२२ ) | साई इण्टरप्राइजेज, मोरङ | ७७०००० | ७६९६४९ | बजेट रकमभन्दा ०. ०४ प्रतिशतले मात्र न्यून भएको र सर्भर खरिद कार्य भएतापनि सञ्चालनमा नआएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>कम्पयुटर, ल्यापटप , प्रिन्टर खरिदः(गोश्वारा भौचर नं. ३९ मिति २०७९।३।२२)</td><td>कुनाल स्टोर, सुनसरी</td><td>१००००००</td><td>९९८४१७</td><td>बजेट रकमभन्दा ०. १५ प्रतिशतले मात्र न्यून भएको</td></tr>
<tr><td colspan="4">जम्मा रु.</td><td>१७६८०६६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४.३</td><td></td><td></td><td>मानव संशाधन सूचना व्यवस्थापन प्रणाली- पालिकाले परियोजनाको क्रियाकलापमध्ये मानव विकास सूचना प्रणाली विकास अन्तर्गत इ हाजिरी, कार्यालयको आधिकारिक इमेल तथा क्लाउड सेवा र जनशक्ति सूचना प्रणाली व्यवस्थापनका लागि ११ वटा क्रियाकलापको खरिदको भ्याटसहित लागत अनुमान रु. १० लाख रहेको र तीन वटा फर्ममध्ये सबैभन्दा कम कवोल गर्ने प्लाज्मा टेक्नोलिजिष्ट प्रा.लि., काठमाडौंसँग रकम रु. ९२४९०५ भ्याटसहितमा सम्झौता गरी सम्बन्धित फर्मलाई भुक्तानी समेत गरेको छ । पालिकाले लेखापरीक्षणको क्रममा अनुगमन गर्दा कार्यालयको आधिकारिक इमेल तथा क्लाउड सेवा सञ्चालन गरेको छैन भने खरिद गरीएको सूचना प्रणालीलाई मानव संशाधन सूचना व्यवस्थापन प्रणाली भनेर एकमुष्ट दाखिला गरेको तर उक्त प्रणालीमा इ हाजिरी, जनशक्ति सूचना व्यवस्थापन प्रणाली र कार्यालयको आधिकारिक इमेल र क्लाउड सेवा आदी भएको सो कुरा PAMS मा दाखिला गर्दा उल्लेख नभएको हुँदा उक्त विवरण खुल्ने गरी PAMS मा दाखिला गर्ने तथा सम्पूर्ण सूचना प्रणालीलाई सञ्चालनमा ल्याउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८४.४</td><td></td><td></td><td>नागरीक सेवा प्रवाह तथा कृषि सूचना प्रणाली- पालिकाले परियोजनाको क्रियाकलापमध्ये नागरीक सेवा प्रवाह तथा कृषि सूचना प्रणाली अन्तर्गत मोबाइल एप, राजश्व सूचना प्रणाली, तथ्यांक सूचना प्रणाली, अनलाइन सेवा प्रणाली, उजुरी तथा गुनासो सुनुवाइ प्रणाली, कृषि तथा कृषक सूचना व्यवस्थापन सूचना प्रणाली, कृषि मोबाइल एप आदीको २६ वटा क्रियाकलापको खरिदको लागि भ्याटसहित लागत अनुमान रु. १९ लाख रहेको र पेश भएको तीन वटा फर्मको प्रस्तावमध्ये सबैभन्दा कम कवोल गर्ने भुगोल इन्जिनियरिङ प्रा.लि., काठमाडौंसँग रकम रु. १८५९९८० भ्याटसहितमा सम्झौता गरी सम्बन्धित फर्मलाई भुक्तानी समेत गरेको छ । पालिकाले खरिद गरेको सूचना प्रणालीलाई नागरीक सेवा प्रवाह तथा कृषि सूचना प्रणाली विकास भनेर एकमुष्ट दाखिला गरेको तर उक्त प्रणालीमा मोबाइल एप, राजश्व सूचना प्रणाली, तथ्यांक सूचना प्रणाली, अनलाइन सेवा प्रणाली, उजुरी तथा गुनासो सुनुवाइ प्रणाली, कृषि तथा कृषक सूचना व्यवस्थापन सूचना प्रणाली, कृषि मोबाइल एप आदी भएको र सो कुरा PAMS मा दाखिला गर्दा उल्लेख नभएको हुँदा उक्त विवरण खुल्ने गरी PAMS मा दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४.५ | | | **पेश्की-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (२) मा उपनियम १ बमोजिम पेश्की माग गरेकोमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस कार्यक्रम अन्तर्गत प्राप्त भएको बजेट रकमलाई आर्थिक वर्षको अन्त्यमा खर्च गर्न नसकी मिति २०७९।३।२५ गते देहायका कर्मचारीहरूलाई विभिन्न कार्यक्रम सञ्चालनका लागि पेश्की रु. १७२५००० दिइएकोमा लेखापरीक्षण क्रममा समेत पेश्की फछ्यौंट कागजातहरू पेश भएको छैन । अतः यसरी पेश्की दिने र समयमा कार्यक्रम सञ्चालन नहुने भएमा पेश्की असूल गर्ने वा समयमा कार्यक्रम सम्पन्न गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | १,७२५,००० |

| सि. नं . | पेश्की लिनेको विवरण | कार्यक्रम | पेश्की रु. |
|---|---|---|---|
| १ | रमेश कुमार स्वर्णकार | स्थानीय आर्थिक विकासका लागि शासन प्रकृया र सेवा प्रवाह सुधार कार्यक्रम | १००५००० |
| २ | विकास श्रेष्ठ | | ७२०००० |
| जम्मा रु. | | | १७२५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | १४ | २०७९-३-२५ | **भरपाई पेश नभएको:** <br><br> आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न योजना अन्तर्गतको पूर्वाधार योजनाको फिल्डमा काम गरेको अनुगमन गरेको भत्ता र व्याग खरिद वापत रु. ५१२९४ खर्च गरेको छ । तर उक्त अनुगमन गर्दाको प्रतिवेदन पेश नभएको र व्याग वितरण गरेको तर वितरण गरेको भरपाई पेश नभएको हुँदा सो को प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल हुनुपर्दछ । | ५१,२९४ |
| ८६ | | | **स्वास्थ्य तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६.१ | | | पारिश्रमिक करः आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको सबै वार्षिक आय हिसाब गरी पारिश्रमिक आयमा कर छुट पाउने रकम कट्टा गरी बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । यस पालिकाका देहायका कर्मचारीहरुले प्राप्त गरेको आयमा पारिश्रमिक कर लाग्ने देखिएकोमा पारिश्रमिक कर कम कट्टा भएको देखिएकोले नपुग कर असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.<br>(कर गणनामा दोहोरो नपरोस भनी सि.अ.हे.व.छैठौं श्री विरेन्द्र कुमार देवको १ ग्रेड र कविराज छैठौ श्री कमलेश कुमार झाको २ ग्रेड बराबरको खाइपाइ आएको रकम घटाई पारिश्रमिक कर गणना गरिएको छ ।) | ८३,७०० |

| क्र.सं. | कर्मचारीको पद नाम | वार्षिक आय | छुट रकम | करयोग्य आय | जम्मा लाग्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| 1. | सि.अ.हे.व.छैठौं श्री विरेन्द्र कुमार देव | ७४०१८० | १२८१४३ | ६१२०३७ | २६९०७ | ६१५८ | २०७४९ |
| 2. | सि.अ.हे.व.छैठौं श्री विमल कुमार मेहता | ७४०१८० | २४६७२७ | ४९३४५३ | ८८४५ | ४५४९ | ४२९६ |
| 3. | सि.अ.हे.व.छैठौं श्री प्रकाश थापा मगर | ७४०१८० | १४०१४३ | ६०००३७ | २४५०७ | ५३३७ | १९१७० |
| 4. | अ.हे.व.पाँचौ श्री अरुण कुमार केर्ण | ६१६४५६ | १०७२३२ | ५०९२२४ | १०४२२ | ५२३२ | ५१९० |
| 5. | सि.अ.हे.व.छैठौं श्री देव नारायण शाह | ७४०१८० | २४६७२७ | ४९३४५३ | ८८४५ | ४५४९ | ४२९६ |
| 6. | सि.अ.हे.व.छैठौं श्री अनिल कुमार शाह | ७०४१९७ | २४२०६१ | ४६२१३६ | ५७१३ | ४५१२ | १२०१ |
| 7. | ल्या.टे.छैठौ श्री उदय चन्द्र यादव | ७४०१८० | २४६७२७ | ४९३४५३ | ८८४५ | ४७७० | ४०७५ |
| 8. | सि.अ.हे.व.छैठौं श्री राज कुमार मेहता | ७४०१८० | २४६७२७ | ४९३४५३ | ८८४५ | ४८०८ | ४०३७ |
| 9. | सि.अ.हे.व.छैठौं श्री खडानन्द साह | ७४०१८० | २४६७२७ | ४९३४५३ | ८८४५ | ४८०८ | ४०३७ |
| 10. | सि.अ.हे.व.छैठौं श्री गुणानन्द झा | ७४०१८० | २४६७२७ | ४९३४५३ | ८८४५ | ४८६१ | ३९८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>11.</td><td>कविराज छैठौ श्री कमलेश कुमार झा</td><td>७५८१७२</td><td>१९११८४</td><td>५६६९८८</td><td>१७८९७</td><td>५२३२</td><td>१२६६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१३८५१६</td><td>५४८१६</td><td>८३७००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६.२</td><td></td><td></td><td>समायोजन ग्रेड- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका स्वास्थ्य तर्फका हे.अ.पाँचौ श्री रानी खातुन २०७८ मंसिरमा स्तर बृद्धि भई अधिकृत छैठौ भएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड बापत प्रति महिना रु.२,५३४।– का दरले (संचयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात मंसिरदेखि असारसम्म भुक्तानी भएको समायोजन ग्रेड असूल हुनुपर्ने रु.</td><td>२२,०७६</td></tr>
<tr><td>८६.३</td><td></td><td></td><td>भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण गर्ने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिने तर फुटकर खर्च दिन नमिल्ने व्यवस्था छ । पालिकाको देहायका कर्मचारीहरुले भ्रमण आदेश स्वीकृत गराई भ्रमण गरी बिल पेश गर्दा भ्रमण भत्ता, यातायात खर्च र फुटकर सहितको रकम माग गरी भुक्तानी भएको देखिएकोले फुटकर खर्च बापत भुक्तानी भएको रकम असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>भ्रमण गर्ने कर्मचारीको पद नाम</th><th>भ्रमण अवधि</th><th>भ्रमण गर्ने स्थान र उद्देश्य</th><th>जम्मा भुक्तानी रकम</th><th>फुटकर खर्च</th></tr>
<tr><td></td><td>एम.आई.एस. अपरेटर श्री अब्दुल कैयुम खाँ</td><td>२०७९।२।१७ देखि २०७९।२।२३ सम्म</td><td>हरिनगर गाउँपालिका</td><td>१९७००</td><td>२०००</td></tr>
<tr><td>२३६-०७९।३।२०</td><td>एम.आई.एस. अपरेटर श्री अब्दुल कैयुम खाँ</td><td>२०७८।१२।२४ देखि ३० गते सम्म</td><td>काठमाडौं-राष्ट्रिय परिचयपत्र नाम दर्ता</td><td>११९००</td><td>२०००</td></tr>
</table>
</td><td>६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>"</td><td>फिल्ड सहायक श्री विकेश कुमार साह</td><td>२०७९।३।४ देखि १० गतेसम्म</td><td>काठमाडौं-राष्ट्रिय परिचयपत्र नाम दर्ता</td><td>११९००</td><td>२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६.४</td><td></td><td></td><td>न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २(दुई) वटा बर्थिङ सेन्टरमा अ.ल्या. र गत आ.व.मा खरिद गरेको २२८ थान सहित जम्मा २६२ थान र यस आ.व.मा खरिद गरेको २२८ थान सहित ४९० थानको प्रति थान मूल्य अभिबृद्धि कर सहित रु.८९४.९६ का दरले खरिद गरेको छ । खरिद गरेकोमध्ये प्राथमिक स्वास्थ्य केन्द्र, हरिनगर-४ मा गत आ.व.मा २२८ थान र यो आ.व.मा ११० थान गरी ३३८ थान र स्वास्थ्य चौकी, घुस्कीमा यो आ.व.देखि बर्थिङ्ग सेन्टर सञ्चालनमा आएकोले १५० थान हस्तान्तरण गरेको पालिकाले उपलब्ध गराएको तथ्यांकबाट देखिएको छ । हस्तान्तरण गरीएका झोला मध्ये गत आ.व.मा प्राथमिक स्वास्थ्य केन्द्र, हरिनगर-४ मा १५० र यस आ.व.मा १४६ जना र स्वास्थ्य चौकी, घुस्कीमा यस वर्ष २३ जना गरी ३१९ प्रसुति भएकोहरुलाई बितरण गरी प्राथमिक स्वास्थ्य केन्द्र, हरिनगर-४ मा ४२ थान, स्वास्थ्य चौकी, घुस्कीमा १२७ थान र पालिकाको स्टोरमा बाँकी रहेको २ थान सहित जम्मा १७१ थान न्यानो झोला मौज्दातमा रहेको देखिन्छ । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम<br><br>पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत १५ सैया अस्पताल निर्माणको लागि ए एन के माउण्टेन जे भी सँग रु.</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १०८४१६१७९ मा सम्झौता गरेको देखिन्छ । यस वर्ष उक्त कार्यक्रम तर्फ रु. २१६४८३६१ निकासा तथा खर्च भएको संलग्न प्रमाणबाट देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् | |
| ८७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा खरिद कार्य गर्न अघि निर्माण कार्यको स्वीकृत नर्म्सको प्रयोग गरी इकाई दर निर्धारण गर्ने तथा निर्धारित इकाई दरको आधारमा लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । पालिकाले १५ सैया अस्पतालको लागत अनुमान बनाउँदा देहायको आइटमहरुमा उक्त आर्थिक वर्षको स्वीकृत इकाई दरभन्दा बढी दर राखेको कारणले रु. २८६३४०८ बढीको लागत अनुमान बन्न गएको छ । लागत अनुमान बढी बन्न गएको कारणबाट उक्त ठेक्कामा भुक्तानी समेत बढी जाने हुनाले बढी लागत अनुमान बनाइ बढी व्ययभार पारिएको देखिएको रु रु. | २,८६३,४०८ |

| आइटम | स्वीकृत दर | राखिएको दर | बढी | जम्मा परिमाण | रकम |
|---|---|---|---|---|---|
| बोल्डर सोलिङ | ३८६४ | ४३३५ | ४७१ | १७३ | ८१४८३ |
| इट्टा सोलिङ | ९६० | १०८९ | १२६ | १७८ | २२४२८० |
| फर्माको काम | ५४८ | ८८८ | ३४० | ४५१३ | १५३४४२० |
| पि सि सि १.१.५.३ | १५५५५ | १७५०४ | १९४९ | ५२५ | १०२३२२५ |
| जम्मा | | | | | २८६३४०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७.२ | | | पुनः प्रयोग नघटाएको –अस्पताल निर्माणको लागि बनाएको लागत अनुमानमा डिमोलिसनसम्बन्धी कामको लागि रु. ४७१०२१ भुक्तानी भएको छ । उक्त क्षेत्रमा रहेको पुरानो वाल तथा पर्खाल लगायत संरचना भत्काउनको लागि उक्त रकम भुक्तानी भएको छ । स्टोन मेशिनरी तथा इट्टाको वाल भत्काउदा इट्टा तथा ढुङ्गालाई इट्टाको सोइलिङ तथा ढुङ्गाको सोइलिङ गर्ने काममा पुनः प्रयोग गर्न सकिने देखिन्छ । उक्त सामानहरुको पुनः प्रयोग गर्न सकिने भएतापनि उक्त आइटमलाई लागत अनुमानबाट घटाएको नदेखिएको हुँदा इट्टा लगायत सामानहरु पुनः प्रयोग भए नभएको यकिन गरी रनिङ बिल भुक्तानी गर्दा सो परिमाण घटाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **सामाजिक सुरक्षा तथा संरक्षण(३१४०१०१२३)** | |
| ८८.१ | | | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.९,५४,४४,९२८/- प्राप्त भएकोमा रु.९,५२,६०,७८९।- रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन: <br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा गाउँपालिका र कृषि विकास बैंक, शाखा कार्यालय, हरिनगरासँग मिति २०७८।०४।१५ मा द्विपक्षीय सम्झौता भई पालिकाको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ । यो आ.व.मा बैंकलाई रु.९,५२,६०,७८९।– निकासा दिएकोमा बैंकले रु.९,४८,९८,६७९।- बितरण गरी बाँकी रहेको रु.३,६२,११०।– र बितरण गरीएको भनिएकोमध्ये मृत्यु भएका, दोहोरो भएका र अयोग्य ठहर भएका व्यक्तिहरुको खाताबाट रु.७,६९,८३५।२१ सहित जम्मा रु.११,३१,९४५।२१ मिति २०७९।०५।१५ गते फिर्ता गरेको छ । तर फिर्ता भएको रकम भिडान गर्ने लाभग्राहीहरुको विवरण माग गर्दा प्राप्त नभएकोले यस सम्बन्धमा पालिकाले बैंकसँग समन्वय गरी बैंकबाट फिर्ता हुनुपर्ने रकम सबै फिर्ता भए नभएको यकिन गर्नुपर्दछ । | |
| ८८.२ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम.आई.एस. लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं. ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफराक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ । | |
| ८८.३ | | | **एम.आई.एस विवरण** :- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमूना छनौट गरी परीक्षण गरीएकोमा केही लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| ८८.४ | | | भत्ता रकम वितरण व्यवस्थाः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६(क) मा स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोस्रो हप्ता भित्र, दोस्रो चौमासिकको भत्ता रकम माघको दोस्रो हप्ता भित्र र तेस्रो चौमासिकको भत्ता रकम जेठको दोस्रो हप्ता भित्र वितरण गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक रुपमा भत्ता वितरण गरेकोमा प्रथम त्रैमासिकको भत्ता रकम मिति २०७८।६।१८, दोस्रो त्रैमासिकको भत्ता रकम मिति २०७८।१०।३२, तेस्रो र चौथो त्रैमासिकको भत्ता रकम मिति २०७९।३।१३ मा निकासा दिएको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको नदेखिएकोले कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । | |
| ८८.५ | | | **मृत्यु भएका व्यक्तिको भत्ता निकासाः** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तीको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था छ । यस पालिकाको सातवटा वडाहरुमध्ये वडा लनं. १ र ४ लाई नमूनाको रुपमा परीक्षण गर्दा देहायका व्यक्तिको मृत्यु भएको मिति पश्चात पनि भत्ता निकासा भएकोमा बैंकको च.नं. ३० मिति २०७९।११।०३ को पत्रानुसार को.ले.नि.का. मा फिर्ता गर्न बाँकी रहेको व्यहोरा खुलाई पठाएको हुँदा उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । साथै, अन्य वडाहरूमा समेत मृत्यु भएका व्यक्तिको नाममा भत्ता निकासा भए नभएको सम्बन्धमा पालिकाबाट यकिन गरिनु पर्दछ । | २५८,७७९.७ |
| ८९ | | | अनुगमन तथा सम्परीक्षणः<br><br>लेखापरिक्षणको क्रममा कार्यालयले सम्परीक्षणको लागी कुनै प्रमाण कागजात पेश नगरेको । | |